# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २२६ | काठमाडौं | मंगलबार, ०१ पुस २०८२ | Prabhab National Daily | Tuesday, 16 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

## सरकारले गठन गर्‍यो उच्चस्तरीय राजनीतिक संवाद समिति

### कानुनमन्त्री सिन्हा नेतृत्वको समितिलाई निर्वाचनबारे दलहरूसँग वार्ता गर्ने जिम्मेवारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले निर्वाचनको माहोल बनाउन भन्दै तीन सदस्यीय उच्चस्तरीय राजनीतिक संवाद समिति गठन गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त संवाद समिति गठन गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बताए ।

निर्वाचनको वातावरण बनाउन र दलहरूसँग संवाद गर्न समिति गठन गरिएको सरकारका प्रवक्ता खरेलले बताए । 'विभिन्न राजनीतिक दल र सरोकारवालाहरूसँग वार्ता गर्नका लागि उच्चस्तरीय राजनीतिक संवाद समिति गठन गरिएको छ,' खरेलले भने ।

अन्तरिम सरकारलाई फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्नुपर्ने मुख्य कार्यभार रहेको छ । तर प्रमुख दलहरू अझै पनि निर्वाचन हुनेमा विश्वस्त देखिँदैनन् । नेपाली कांग्रेस र नेकपा एमालेले यो सरकारले निर्वाचन गर्नै नसक्ने दाबी गर्दै आएका छन् । एमाले अध्यक्ष केपी शर्मा ओलीले विभिन्न मञ्च पुगेर हरेक दिनजसो अन्तरिम सरकारले निर्वाचन गर्नै नसक्ने ठोकुवा गर्दै आएका छन् ।

यता नेपाली कांग्रेसले पनि निर्वाचन सार्न सुझाव दिँदै आएको छ । यस्तो अवस्थामा निर्वाचन आयोग भने तोकिएकै समयमा निर्वाचन गराउने तयारीमा देखिन्छ । यस्तो माहोलमा सरोकारवालाको सुझाव सुन्नका लागि यो समिति गठनको निष्कर्षमा सरकार पुगेको मन्त्री खरेल बताउँछन् । 'चुनावको मिति नजिकिँदै गर्दा चुनावको वातावरण बनाउनुपर्ने र अन्य विभिन्न राजनीतिक वातावरण बनाउनुपर्ने भएकोले पनि चुनावलाई थप सहज बनाउन र राजनीतिक दल र सरोकारवालाहरूसँग संवाद गर्न यो संवाद समिति गठन गर्ने निर्णय गरिएको हो,' उनले भने ।



> चुनावको मिति नजिकिँदै गर्दा चुनावको वातावरण बनाउनुपर्ने र अन्य विभिन्न राजनीतिक वातावरण बनाउनुपर्ने भएकोले पनि चुनावलाई थप सहज बनाउन र राजनीतिक दल र सरोकारवालाहरूसँग संवाद गर्न यो संवाद समिति गठन गर्ने निर्णय गरिएको हो ।
>
> ■ **जगदीश खरेल**
> प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री

समितिको संयोजकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिल सिन्हा छन् भने सदस्यमा सञ्चारमन्त्री खरेल र प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार अजयभद्र खनाल रहेका छन् ।

निर्वाचनबारे विभिन्न अफवाह फैलन थालेपछि आइतबार राष्ट्रपति रामचन्द्र पौडेलले निर्वाचनको मितिमा दायाँबायाँ नगर्न प्रधानमन्त्री सुशीला कार्कीलाई सुझाएका थिए ।

क्रमशः पृष्ठ २ मा

# अध्यक्षमा ओली र पोखरेलबीच भिडन्त

## शंकर पोखरेल व्यवस्थापनले ओली समूह संकटमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेमा केपी शर्मा ओली र शंकर पोखरेललाई एक सिक्काका दुई पाटा मानिन्छ । जसै ओली कुनै पनि पदमा शंकरलाई सुरक्षित बनाएर लैजान चाहन्छन् । काठमाडौंमा जारी ११औं महाधिवेशनमा पनि ओलीले शंकरलाई महासचिवमा व्यवस्थापन गर्दा उनको समूह भने संकटमा पर्ने देखिएको छ । कारण असन्तुष्ट समूहले कोही विद्रोहमा उत्रिएका छन् भने कोही धमाधम इतर समूहतर्फबाट उम्मेदवारी दिएका छन् ।

ओलीका सबैभन्दा प्रिय पात्र प्रदीप ज्ञवालीले यसरी नै मौन विद्रोह गरे । ज्ञवाली पक्कापक्की महासचिवका उम्मेदवार बन्ने थिए । तर सोमबार बिहान आएको सूचीमा उनी उपाध्यक्षको लहरमा थिए । जसकारण साँझ ५ बजेसम्मै पनि उनले उपाध्यक्षमा उम्मेदवारी दिएनन् । उनले लुसुक्क केन्द्रीय सदस्यमा उम्मेदवारी दिएर मौन विद्रोह गरे । प्रदीप उनै नेता हुन् जसले पछिल्लो समय ओलीको प्रवक्ता बनेर लगातार ओलीका अलोकप्रिय कदमहरूको बचाउ गर्दै आएका थिए ।

ओलीलाई सधैं बचाउ गर्दै आएका अर्का नेता हुन् प्रचार विभाग प्रमुख राजेन्द्र गौतम । महाधिवेशन सुरु भएको दिनदेखि उनी सूचीमा पर्ने छनक देखिएन । जसकारण सोमबार बिहान भृकुटीमण्डपको महाधिवेशनस्थलमा स्थापना गरेको मिडिया सेन्टरमा आएर उपमहासचिवमा उम्मेदवारी घोषणा गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

### कुन पदमा क-कसको उम्मेदवारी ?

| | |
|---|---|
| **अध्यक्ष:** | ईश्वर पोखरेल र केपी शर्मा ओली |
| **उपाध्यक्ष:** | अरूण नेपाल, गुरुप्रसाद बराल, गोकर्णराज विष्ट, टंकप्रसाद कार्की, पर्शुराम मेघी गुरूङ, रघुजी पन्त, रामबहादुर थापा, डा. विन्दा पाण्डे र विष्णुप्रसाद पौडेल |
| **महासचिव:** | शंकर पोखरेल र सुरेन्द्रप्रसाद पाण्डे |
| **उपमहासचिव:** | आनन्दप्रसाद पोखरेल, योगेश भट्टराई, रघुवीर महासेठ, राजेन्द्रप्रसाद गौतम, लेखराज भट्ट, विष्णुप्रसाद रिमाल र वैजनाथ चौधरी |
| **सचिव:** | अग्निप्रसाद खरेल, इन्द्रलाल सापकोटा, कर्णबहादुर थापा, कृष्णगोपाल श्रेष्ठ, खगराज अधिकारी, गोकुलप्रसाद बास्कोटा, छविलाल विश्वकर्मा, ठाकुरप्रसाद गैरे, पद्याकुमारी अर्याल, पुरूषोत्तम पौडेल, पेम्बा लामा, भानुभक्त ढकाल, महेश बस्नेत, यामलाल कंडेल, रचना खड्का, राजन भट्टराई, लालबाबु पण्डित, विनोदप्रसाद ढकाल, शेरधन राई र हिक्मतकुमार कार्की |

### नेतृत्वको होडमा ओली र पोखरेल

एमाले अध्यक्ष पदका लागि केपी शर्मा ओली र ईश्वर पोखरेलले उम्मेदवारी दर्ता गराएका छन् । निवर्तमान अध्यक्ष ओलीले सोमबार दिउँसो अध्यक्ष पदका लागि उम्मेदवारी दर्ता गराएका हुन् ।

नवौं र दशौं महाधिवेशनबाट अध्यक्ष निर्वाचित ओलीले ११औं महाधिवेशनमा पनि पुनः अध्यक्ष पदका लागि उम्मेदवारी दिएका हुन् । त्यसैगरी, यसअघि पार्टीका वरिष्ठ उपाध्यक्ष रहेका ईश्वर पोखरेलले पनि अध्यक्ष पदका लागि उम्मेदवारी दर्ता गराएका छन् । पोखरेलले सोमबार दिउँसो ३ बजे उम्मेदवारी दर्ता गराएका हुन् ।

११औं महाधिवेशनबाट नयाँ नेतृत्व चयनका लागि आज मध्याह्न १२ बजेदेखि साँझ ६ बजेसम्म मतदान हुने कार्यतालिका छ ।

#### महासचिवमा पोखरेल र पाण्डे भिड्दै

महासचिवमा ओली समूहबाट ओलीका विश्वासपात्र शंकर पोखरेल र ईश्वरको समूहबाट सुरेन्द्र पाण्डेको उम्मेदवारी परेको छ । शंकर निवर्तमान महासचिव हुन् भने पाण्डे निवर्तमान उपाध्यक्ष ।

पाण्डेले ओलीइतर प्यानल बनाउन निकै संघर्षसमेत गरेका थिए । जसकारण उनलाई महासचिव पदमा सर्वसम्मत उभ्याउन ईश्वर प्यानल सफल भएको हो । इतरपक्षले अध्यक्षमा नभए पनि महासचिव आफ्नो पक्षमा जिताउनेगरी माहोल तयार पारेको नेताहरू बताउँछन् । ओलीपक्षकै नेताहरू विष्णु पौडेल, शेरधन राई, रघुवीर महासेठ, पृथ्वीसुब्बा गुरुङजस्ता नेताहरू शंकर पोखरेलसँग रुष्ट सुनिएकाले सुरेन्द्रले महासचिवमा बाजी मार्ने बताइन्छ । यद्यपि, ओलीले विभिन्न पद बाँडेरै भए पनि शंकरलाई नै महासचिवमा ल्याउने अर्काथरी नेताहरू बताउँछन् ।

**सन्दर्भः वैदेशिक रोजगार**


# चार महिनामा भित्रियो झण्डै सात खर्ब रेमिट्यान्स

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको चार महिनामा करिब सात खर्ब रूपैयाँ रेमिटचान्स (विप्रेषण) भित्रिएको छ । गत साउनदेखि कात्तिक महिनासम्मको अवधिमा छ खर्ब ८७ अर्ब १३ करोड रूपैयाँ भित्रिएको नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ ।

राष्ट्र बैंकले सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार उक्त अवधिमा विप्रेषण आप्रवाह ३१.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आप्रवाह ९.४ प्रतिशतले बढेको थियो । कात्तिक महिनामा मात्र एक खर्ब ३३ अर्ब ८२ करोड रूपैयाँ विप्रेषण भित्रिएको छ । अघिल्लो वर्षको कात्तिकमा एक खर्ब १४ अर्ब ३१ करोड रूपैयाँ रेमिटचान्स प्राप्त भएको थियो ।

आव २०८२/८३ को साउनदेखि कात्तिकसम्म अमेरिकी डलरमा विप्रेषण आप्रवाह २५.३ प्रतिशतले बढेर चार अर्ब ८८ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ८.२ प्रतिशतले बढेको जनाइएको छ । समीक्षा अवधिमा खुद द्वितीय आय अर्थात् खुद ट्रान्सफर सात खर्ब ५४ अर्ब ९२ करोड रूपैयाँ पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो आय पाँच खर्ब ५९ खर्ब २९ करोड रहेको थियो ।




उक्त चार महिनामा संस्थागत र व्यक्तिगत माध्यमबाट एक लाख ४५ हजार ९७३ जना संस्थागत र व्यक्तिगत श्रम स्वीकृति लिएर रोजगारीमा जाँदा एक लाख २७ हजार ८३७ जना श्रम स्वीकृति नवीकरण गरेर गएका छन् । अघिल्लो वर्षको यसै अवधिमा संस्थागत र व्यक्तिगत माध्यमबाट एक लाख ४७ हजार ४७८ र श्रम स्वीकृति नवीकरण गरेर ९४ हजार १०५ जना रोजगारीमा गएका थिए । अघिल्लो वर्ष पुनः श्रम स्वीकृति लिएर जानेहरूको संख्या तुलनात्मकरूपमा बढी देखिएको छ ।

चालु आवको साउनमा एक खर्ब ७७ अर्ब ४१ करोड, भदौमा एक खर्ब ७४ अर्ब ६७ करोड र असोज महिनामा दुई खर्ब एक अर्ब २२ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको तथ्यांक छ । असोजमा चाडपर्व मनाउनका लागि परिवारलाई खर्च पठाउनेले गर्दा बढी रकम भित्रिएको पाइएको छ । असोजको तुलनामा कात्तिकमा विप्रेषण आप्रवाह घटेको देखिए पनि अघिल्लो वर्षको कात्तिक महिनाको भन्दा यस वर्ष बढी नै रेमिटचान्स भित्रिएको छ ।

विगतका वर्षको चार महिनाको तथ्यांक हेर्दा आव २०८१/८२ को चार महिनामा पाँच खर्ब २१ अर्ब ६३ करोड, २०८०/८१ को चार महिनामा चार खर्ब ७७ अर्ब ९६ करोड र २०७९/८० को चार महिनामा तीन खर्ब ७८ खर्ब चार करोड रूपैयाँ रेमिटचान्स प्राप्त भएको थियो ।

वैदेशिक रोजगारीमा जानेहरूको संख्या बढ्नु र वैधानिक माध्यमबाट पैसा पठाउने प्रवृत्ति बढ्दा विप्रेषण आप्रवाह बढेको पाइन्छ । राष्ट्र बैंकले वैधानिक माध्यमबाट भित्रने रिमिटचान्सको मात्र तथ्यांक राख्ने गरेको छ । वैदेशिक रोजगारीबाट आउने रेमिटचान्सले मुलुकको अर्थतन्त्रमा मेरुदण्डको भूमिका खेल्दै आएको छ । समग्र अर्थतन्त्रमा झण्डै ३० प्रतिशत योगदान रेमिटचान्सको रहेको छ । पछिल्लो समय सरकारले अवैधानिक बाटोबाट रकम पठाउने प्रवृत्ति रोक्न नेपालको बैंकमा रेमिटचान्स खाता खोली त्यसमा पैसा पठाउँदा अन्य खातामाभन्दा एक प्रतिशत बढी ब्याज दिनेलगायत विभिन्न सुविधा दिँदै आएको छ ।

क्रमशः पृष्ठ २ मा

नेपाल ट्रस्टको जग्गा भाडामा अनियमितता प्रकरण

# ओलीका स्वकीय सचिवकी श्रीमतीविरूद्ध समेत मुद्दा चलाउन सिआइबीको राय

- एमाले अध्यक्ष ओलीका स्वकीय सचिव राजेश बज्राचार्यकी श्रीमती रश्मी शाक्यको नाममा ट्रस्टको जग्गा लिजमा दिने निर्णय लिएकै बेला बालकोटमा चार करोडको घरजग्गा जोडेको तथ्य फेला
- रश्मीले सम्पत्तिको स्रोत र प्रमाण देखाउन सकिनन्




■ जेबी योञ्जन

**काठमाडौं–** नक्कली भुटानी शरणार्थीकाण्डमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले जोगाएका आफ्ना स्वकीय सचिव राजेश बज्राचार्यकी श्रीमती रश्मी शाक्य नेपाल ट्रस्टको जग्गा लिज (भाडा) प्रकरणमा मुछिएकी छन् ।

मुलुकमा गणतन्त्र स्थापना भएपछि ट्रस्टमा लगिएको राजपरिवारको जग्गा थामसेर्कु ट्रेकिङ कम्पनीलाई लिजमा दिँदा अनियमितता भएको आशंका गरिएको थियो । यसबारे नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अनुसन्धान गर्दा शाक्यको संलग्नता देखिएको सिआइबी स्रोतले जानकारी दिएको छ ।

'हामीले अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालय काठमाडौंमा बुझाइसक्यौं । प्रतिवेदनमा रश्मी शाक्य, ट्रस्टका तत्कालीन प्रमुखलगायतलाई प्रतिवादी बनाउन राय दिएका छौं,' अनुसन्धानमा संलग्न सिआइबीका एक अधिकारीले प्रभावसँग भने ।

ट्रस्टको जग्गा यती समूहअन्तर्गतको थामसेर्कु ट्रेकिङ प्रालिले ३० वर्षका लागि लिजमा लिएको छ । तर, लिज सम्झौता विवादास्पद थियो । त्यहाँ आर्थिक चलखेलको आरोप थियो । त्यस प्रकरणको अनुसन्धानका लागि सिआइबीले गत २१ कात्तिकमा पूर्वसहसचिव लेखबहादुर कार्कीलाई पक्राउ गरेको थियो । त्यसपछि ३० कात्तिकमा पूर्वसचिव अर्जुन कार्कीलाई पक्राउ गर्‍यो । दुवै पालैपालो ट्रस्टको प्रमुख भएका थिए ।

उनीहरूलाई त्यसबेला नेपाल ट्रस्टलाई हानि हुने गरी करार सम्झौता गराएर ठगी, आपराधिक विश्वासघात गरेको आरोपमा पक्राउ गरेको हो ।

थामसेर्कुका सञ्चालक लाक्पासोनाम शेर्पालाई पनि सिआइबीले पक्राउ गर्न खोजेको थियो । तर, उनले अदालतबाट 'भ्याकेट' लिएको पाएपछि सिआइबीले पक्राउ गरेन । हाल उनी फरार रहेको बताइन्छ । फरार भएसँगै शेर्पासँग सिआइबीले बयान लिन नपाएको स्रोतको भनाइ छ । शेर्पा एमाले अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्री ओलीनिकट पर्यटन व्यवसायी हुन् ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### अध्यक्षमा...

'हुन त ठूलाहरूले मैले काम नगरेको देख्ला । मैले पार्टीमा धेरै दुःख गरेको छु । त्यसैले मेरो उम्मेदवारी उपमहासचिवमा हो,' गौतमले भनेका थिए । उनको कुराको कुनै सुनुवाइ नभएपछि गौतमले स्वतन्त्रबाट उपमहासचिवमा उम्मेदवारी दिएका छन् ।

ओलीलाई 'राजीनीतिका पेले' भनेर घोषणा गरेका कृष्णगोपाल श्रेष्ठले पनि ओलीको साथ छाडेका छन् । श्रेष्ठले ओलीको साथ छाडेर सचिवमा उम्मेदवारी दिएका हुन् । श्रेष्ठ ईश्वर समूहमा खुलेका छन् ।

माधव नेपाल गुट छाडेर पछिल्लो समय ओलीनिकट बनेका रघुजी पन्तले पनि उपाध्यक्षमा उम्मेदवारी दिएका छन् । पन्त ओलीको सूचीमा उपाध्यक्षमा परेनन् । 'मैले उपाध्यक्षमा उम्मेदवारी दिएको छु । अब निर्वाचनबाटै फैसला हुन्छ,' पन्तले सञ्चारकर्मीसँग भने । यद्यपि प्रदीप ज्ञवालीले उम्मेदवारी नदिएका कारण आफू दुवै पक्षको साझा उम्मेदवार बन्ने लबिइङमा पन्त लागेका छन् ।

सूचीमा नपरेपछि लालबाबु पण्डितले पनि सचिवमा उम्मेदवारी दिएका छन् । उनी ओली गुटकै नेता हुन् । चितवन महाधिवेशनमा पनि पण्डित असन्तुष्ट सुनिएका थिए । दोलखाका आनन्द पोखरेलले पनि ओलीको साथ छाडेका छन् । उनी ईश्वर समूहबाट उपमहासचिवको उम्मेदवार छन् । यसैगरी बाराका पुरुषोत्तम पौडेलले पनि ओलीको साथ छाडेका छन् । उनी ईश्वर समूहबाटै सचिवको उम्मेदवार छन् ।

चितवन महाधिवेशनमा निषेध गरिएका टंक कार्कीलाई ईश्वर समूहले उपाध्यक्षमा समेटेर ओली समूहमा ठूलै धक्का दिएको छ । हुन त ओली समूहले इतरबाट उम्मेदवार बनेकाहरूलाई व्यवस्थापन गर्न निर्वाचन सार्ने र गलाउनेसम्मको रणनीति तय गरेको बताइएको छ । तर आफूहरू त्यसको पक्षमा नरहने महासचिव पदका उम्मेदवार पौडेल बताउँछन् । 'मेरो उम्मेदवारी फिर्ता हुँदैन । महासचिवमा जितेपछि बधाइ दिनुहोला,' पौडेलले भने ।

यसरी असन्तुष्ट हुँदै ओलीको साथ छाड्नेमा अग्नि खरेल पनि अर्का नेता हुन् । उनलाई ओली प्यानलमा केन्द्रीय सदस्यको सूचीमा राखिएको थियो । तर, खरेलले सचिवमा 'स्वतन्त्र' उम्मेदवारी दिएका छन् ।

ओली समूहको सूची तयारीको क्रममा रघुवीर महासेठ र लेखराज भट्टले तीव्र असन्तुष्ट जनाएका थिए । त्यसपछि ओलीले रघुवीरलाई उपमहासचिवमै राखेर भट्टलाई सचिवको सूचीमा राखे । तर भट्टले आक्रोश पोखेपछि उनलाई उपमहासचिवमा उकालेर भानुभक्त ढकाललाई उपमहासचिवबाट सचिवमा झारियो ।

■■■

### सरकारले...

राष्ट्रपति भवन शीतलनिवासमा राष्ट्रिय सुरक्षा परिषद्को आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन बुझ्दै राष्ट्रपति पौडेलले निर्वाचनलाई प्रभावित नहुनेगरी काम गर्न पनि प्रधानमन्त्री कार्कीलाई सुझाव दिएका हुन् ।

पछिल्ला दिनमा सरकार निर्वाचनमा भन्दा पनि मन्त्री थप्नेदेखि दीर्घकालीन असर पार्ने खालका निर्णयहरू गर्नमा व्यस्त देखिएकोले आशंका बढेको दलका नेताहरू बताउँछन् । यस्तो आशंका मेटाउन सरकारले राजनीतिक दलहरूसँग घनिष्ट संवाद गर्नुपर्ने नेपाली कम्युनिस्ट पार्टीका सहसंयोजक माधव नेपाल बताउँछन् ।

सोमबार सिन्धुलीको सिन्धुलीमाढीमा प्रेस सेन्टर नेपालले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा आफूहरू निर्वाचनको पक्षमा भए पनि सरकार र राजनीतिक दलबीच गहन वार्ता हुन नसकेको बताए । 'सरकारले निर्वाचनको वातावरण बनाएको छ भन्न पनि नमिल्ने र निर्वाचनको वातावरण बिथोलेको छ भन्न पनि नमिल्ने अवस्था रहेको छ,' नेपालले भने ।

यता सरकारका मन्त्रीहरूले भने निर्वाचन तोकिएको समयमै सम्पन्न हुने दृढता जनाइरहेको छ । गृहमन्त्री ओमप्रकाश अर्यालले सोमबार पोखरा पुगेर निर्धारित समयमै निर्वाचन सम्पन्न गर्न एकीकृत सुरक्षा योजना निर्माणसँगै व्यवस्थापकीय तयारीमा सरकार जुटेको बताए । 'वर्तमान सरकार निर्वाचन गराउनकै लागि गठन भएको हो, तोकिएकै मितिमा निर्वाचन सम्पन्न गरेर नयाँ निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नु अहिलेको सरकारको प्रमुख जिम्मेवारी हो,' अर्यालले भने, 'निर्वाचनको कार्यतालिका पनि सार्वजनिक भइसकेको छ, फागुन २१ मै निर्वाचन सम्पन्न हुन्छ ।'

निर्वाचनका लागि एकीकृत सुरक्षा योजना लागू गरिएको र प्रदेश तथा जिल्लास्तरमा सुरक्षा अवस्थाको विश्लेषणगरी निर्वाचन सुरक्षा रणनीति तय गरिने उनको भनाइ छ । जेन-जी आन्दोलनका क्रममा कारागारबाट फरार भएका कैदीबन्दीमध्ये ७० प्रतिशतलाई कारागार फर्काइएको र लुटिएका हतियार पनि फिर्ता हुने क्रम जारी रहेको गृहमन्त्री अर्यालले बताए ।

■■■

### चार महिनामा...

सरकारले हालै सार्वजनिक गरेको अध्ययनका अनुसार रेमिट्यान्सबापतको ७२.३ प्रतिशत रकम दैनिक उपभोगमै खर्च हुने गरेको पाइएको छ । त्यस्तै १० प्रतिशतभन्दा बढी रकम रोजगारीमा जाँदा लागेको ऋण तिर्नमा खर्च हुँदै आएको देखिन्छ । कामदारले विदेशमा श्रम गरेर पठाएको पैसा अनुत्पादक क्षेत्रमा बढी खर्च हुने गरेको विषय पनि उठ्दै आएको छ । यद्यपि, पछिल्लो दशकमा उक्त स्थितिमा सुधार भई सो रकमलाई बचत गर्ने र शिक्षा क्षेत्रमा लगानी गर्ने गरेको पाइन्छ ।

■■■

### ओलीका...

उनै शेर्पाको कम्पनीलाई जग्गा लिजमा दिने प्रकरणको अनुसन्धान गर्दै जाँदा सिआइबीले ओलीकै टिममा प्रमुख हर्ताकर्ता रहेका राजेशकी श्रीमती रश्मी मुछिएको फेला पारेको हो ।

सिआइबी स्रोतका अनुसार जतिबेला जग्गा लिज सम्झौता भयो, त्यसबेला नै रश्मीको नाममा भक्तपुरको बालकोटमा घरजग्गा खरिद भएको पाइएको छ । करिब चार करोड रूपैयाँमा जग्गा खरिद गरेको पाइएको र रश्मीले उक्त रकमको स्रोत र प्रमाण खुलाउन नसकेको स्रोतको दाबी छ । त्यसो हुनाले सिआइबीले उक्त जग्गालाई घुसबापतको सम्पत्ति मानेको छ । रश्मीलाई भ्रष्टाचार मुद्दामा प्रतिवादी बनाउन सरकारी वकिलसमक्ष रायसहित सिफारिस गरेको छ ।

अन्य प्रतिवादीमा थामसेर्कुका सञ्चालक शेर्पासँगै पूर्वसचिव अर्जुन कार्की, पूर्वसहसचिव लेखबहादुर कार्कीलाई पनि प्रतिवादी बनाउन सिआइबीको सिफारिस छ । सरकारी वकिल कार्यालय काठमाडौंका प्रमुख रामहरि शर्मा काफ्लेले सिआइबीको प्रतिवेदन प्राप्त भइसकेको बताएका छन् । तर, अध्ययन गरिसक्न बाँकी रहेको प्रभावलाई बताए । 'सिआइबीको प्रतिवेदन पाइसक्यौं, अहिले अध्ययन भइरहेको छ । सकिएपछि छिट्टै अदालतमा पुऱ्याउँछौं,' उनले भने ।

थामसेर्कुले लिजमा लिएको नेपाल ट्रस्टको जग्गा एक रोपनी १४ आना हो । ट्रस्टको सञ्चालक समिति बैठकले २८ साउन २०७१ मा जग्गा लिजमा दिनेगरी स्वीकृति प्रदान गरेको थियो । झण्डै दुई वर्षपछि जग्गा लिजमा दिन सार्वजनिक सूचना जारी गरेर बोलपत्र आह्वान गऱ्यो । सोहीअनुसार थामसेर्कुले छ अर्ब २६ करोड रूपैयाँको प्रस्ताव बुझाएको थियो । तर, नाटकीयरूपमा थामसेर्कुले पहिले भनिएजति भाडा तिर्न नसकिने भन्दै घटाएर एक अर्ब ४० करोड रूपैयाँ दिने प्रस्ताव बुझायो । त्यही प्रस्ताव ट्रस्टले स्वीकृत गऱ्यो र थामसेर्कु-ट्रस्टबीच सम्झौता भयो । यसलाई सिआइबीले अनुसन्धानको मुख्य पक्ष ठान्यो ।

अर्कोचाहिँ भाडा सम्झौतामा तीन वर्षभित्र भवन निर्माण सम्पन्न गर्ने भनिएको थियो । तर, तीनतले भवन निर्माण गर्ने उल्लेख भए पनि हाल पाँचतले संरचना बनेको तथ्यसमेत भेटिएको छ । यो कैफियतलाई पनि सिआइबीले अनुसन्धानको विषय बनायो ।

राजतन्त्रकाल छँदासम्म तत्कालीन राजा वीरेद्र र उनका परिवारका सदस्यहरूको स्वामित्वमा उक्त जग्गा थियो । गणतन्त्र स्थापनापछि नेपाल सरकारको नाममा आएको थियो । त्यसको व्यवस्थापन र सञ्चालन गरी राष्ट्रहितमा प्रयोग गर्न ६ मंसिर २०६४ मा नेपाल ट्रस्ट स्थापना गरिएको थियो । नेपाल ट्रस्ट ऐन, २०६४ मा ट्रस्टले चलअचल सम्पत्ति प्राप्त गर्न, भोगचलन गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।


**गाँउघर उज्यालो साना हाईड्रोपावर कम्पनी लि.**
**मध्यपुर थिमी न.पा.-३, भक्तपुर, नेपाल**

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२।०९।०१)**

यस कम्पनीको मिति २०८२/०८/१८ गते बिहान ११:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको दशौं वार्षिक साधारण सभा–(आ:व.२०८१/०८२) निम्न मिति, स्थान र समयमा निम्न लिखित विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुलाई उपस्थीतिको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति,स्थान र समय**

**मिति :** २०८२।०९।२६ गते शनिवार (तदअनुसार १० जनवरी,२०२६)
**स्थान :** के.एफ.सी (K.F.C), बालकुमारी, ललितपुर
**समय :** दिउसो २:०० वजे देखी ।

**वार्षिक साधारण सभाका प्रस्तावित विषयहरु:**

(१) आ.व.२०८१।०८२ संचालक समितिको वार्षिक प्रतिवेदनको पारित गर्ने ।
(२) लेखापरीक्षण प्रतिवेदन सहितको आषाढ मसान्त,२०८२ को वासलात, नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, लगायत वित्तिय विवरणहरु छलफल गरि स्वीकृत गर्ने ।
(३) आ.व.२०८२।०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ती तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।
(४) विविध ।

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**



**बागमती प्रदेश डजबल संघको सूचना**

**मिति २०८२/०९/१२ गते कपन स्थित पुष्पलाल मेमोरियल सेकेण्डरी स्कुलमा यस संघको अधिवेशन बिहान ९ बजे हुने भएकाले सम्पूर्णलाई उपस्थितिका लागि जानकारी गराइन्छ ।**

**- बागमती प्रदेश डजबल संघ**

**मोटरसाईकल हरायो**

मिति २०८२/०८/०४ गते राति किर्तिपुर न.पा. ०५, भत्केपाटी, काठमाण्डौंबाट Grey/black रङ्गको भे ११ प ८७१४ नम्बर को pulsar NS 200 CC मोटरसाईकल हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम:** टोपेन्द्र शाही
**च्यासिस नं:** MD2A36FX8MCA85996
**इन्जिन नं:** JLXCMA38751
**फोन नं:** ९८५८०३४३२३

**माइग्रेसन हराएको सूचना**

मिति: २०८२/०८/०६ गते ललितपुर जिल्ला, ल.म.न.पा वडा नं.१३ जावलाखेलबाट ऐ .१० पाटनढोकासम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम :** राज कुमार नगरकोटी
**रजिस्ट्रेसन.नं.:** ६५२५७०२५४
**माइग्रेसन सि.नं.:** M0548191
**ठेगाना:** ललितपुर
**सम्पर्क:** ९७०९१९५९३६



**कतारमा रोजगार** कम्पनी : CONSERVO FACILITY MANAGMENT

पूर्व स्वीकृति मिति : २०८२/०८/२९ | LT. No. 335123 | चलानी नं. ६०२४८७९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | 0 | 1000 | ३९,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ८ गते (23rd Dec. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1080/073/74
**SKY LINE OVERSEAS PVT. LTD.**
Badri Colony, Sukedhara-9, Kathmandu, Nepal, Tel: 4379385, E-mail: info@skylineoverseas.com.np

**कतारमा रोजगार** कम्पनी : FREQUENCY TRADING AND CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०८/२९ | LT. No. 335119 | चलानी नं. ६०२४८७९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 2 | 0 | 1100 | ४३,६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office Cleaner | 2 | 0 | 1000 | ३९,७०२ | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 1100 | ४३,६७२ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ८ गते (23rd Dec. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Elite Gurkhas Overseas Pvt. Ltd.** श्रम इजाजत नं.५३५/०६१/०६२
Gongabu Town Planning-26 Kathmandu, Nepal, Tel.: +977-1- 4975567, 4975568, E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com

**कतारमा रोजगार** कम्पनी : TADWEER TRADING CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०५/१० | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०८/२९ | LT. No. 329945 | चलानी नं. ६०२४३७९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 2 | 0 | 1000 | ३९,७०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | FOREMAN | 1 | 0 | 2500 | ९,९२,५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ८ गते (23rd Dec. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ११०८/०७३/०७४
**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323,
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS

**कतारमा रोजगार** कम्पनी : GROUP FIVE SECURITY SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०८/२९ | LT. No. 335126 | चलानी नं. ६०२४८७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 20 | 0 | 1500 | ५९,५१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 3 | 0 | 1800 | ७१,४६४ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ८ गते (23rd Dec. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

**साउदीमा रोजगार** कम्पनी : JOKER ESTABLISHMENT FOR SELLING ICE CREAM

पूर्व स्वीकृति मिति : २०८२/०८/२५ | LT. No. 334108 | चलानी नं. ६०२४८७९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food Peddler | 1 | 0 | 1200 | ४६,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ८ गते (23rd Dec. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Overseas Employment (P.) Ltd.** श्रम इजाजत नं. १२०८/०७३/०७४
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com

**साउदीमा रोजगार** कम्पनी : ABDULLAH A AL BARRAK & SONS CO

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२९ | LT. No. 331070 | चलानी नं. ६०२४४८१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 26 | 0 | 1000 | ३८,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ८ गते (23rd Dec. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**YUSHO GLOBAL PVT. LTD.** श्रम इजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

**मंगलबार, ०१ पुस, २०८२**

| | |
|---|---|
| **मेष** | उत्सावर्द्धक, प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| **वृष** | विषेश काम, रोकिएका काम बन्नेछ । |
| **मिथुन** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **कर्कट** | बाधा–व्याावधान, राकम र श्रम खर्च हुनेछ । |
| **सिंह** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **कन्या** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| **तुला** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **वृश्चिक** | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| **धनु** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **मकर** | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| **कुम्भ** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **मीन** | उतारचढावमा समय व्यतित हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०१ पुस, २०८२ (१६ डिसेम्बर, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४४.३७ | १४४.९७ |
| युरो | १ को | १६९.५० | १७०.२० |
| पाउन्ड स्टिर्लङ | १ को | १९३.०५ | १९३.८५ |
| स्विस फ्रैन्क | १ को | १८१.३८ | १८२.१३ |
| अस्ट्रेलियन डलर | १ को | ९६.०४ | ९६.४४ |
| क्यानाडियन डलर | १ को | १०४.८२ | १०५.२६ |
| सिङ्गापुर डलर | १ को | १११.७५ | ११२.२१ |
| जापानी येन | १० को | ९.२६ | ९.३० |
| चिनियाँ युआन | १ को | २०.४६ | २०.५५ |
| साउदी अरब रियाल | १ को | ३८.४७ | ३८.६३ |
| कतारी रियाल | १ को | ३९.६१ | ३९.७७ |
| थाई भाट | ख १ को | ४.५७ | ४.५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.३१ | ३९.४७ |
| मलेसियन रिङेट | १ को | ३५.२१ | ३५.३५ |
| दक्षिण कोरियन वन | १०० को | ९.७९ | ९.८३ |
| स्विडिस क्रोनर | १ को | १५.५७ | १५.६४ |
| डेनिस क्रोनर | १ को | २२.६९ | २२.७९ |
| हङकङ डलर | १ को | १८.५५ | १८.६२ |
| कुवेती दिनार | १ को | ४७०.६५ | ४७२.६१ |
| बहराइन दिनार | १ को | ३८२.९७ | ३८४.५६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

### कामपा स्थापना दिवस

# खर्च कटौती र पुँजीगत खर्च प्राथमिकतामा

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहले महानगरले कार्यालय सञ्चालन खर्च घटाउँदै पुँजीगत खर्चलाई विशेष महत्त्व दिएर बढाउने नीति अपनाएको बताएका छन् ।

काठमाडौं महानगरपालिकाको ३१औं स्थापना दिवसको अवसरमा आज यहाँ आयोजित कार्यक्रममा प्रमुख साहले बहाल करको क्षेत्र विस्तार गरिएको र नागरिकबाट संकलित राजस्व नागरिककै सामूहिक हितमा प्रयोग भइरहेको स्पष्ट पारे । उनले महानगरको कार्यसम्पादन र प्रगतिबारे कार्यक्रममार्फत जानकारी दिए ।



प्रमुख साहका अनुसार महानगरबाट धुलोरहित सडक कार्यक्रमअन्तर्गत ५५ किलोमिटर सडक सुधार सम्पन्न भएको छ । ६२ चोकमा हाईमास्ट लाइट जडान गरिएका छन् । साथै, पाँच हजार ३१८ पोलमा १३ हजार ३४० बत्ती जडान गरी रात्रिकालीन सहरी सौन्दर्य विस्तार गरिएको छ । गत आर्थिक वर्षमा दुई अर्ब ८६ करोड रूपैयाँबराबरका पूर्वाधार योजना सम्पन्न भएका छन् । करिब ९१ करोड रूपैयाँको लागतमा सम्पदा संरक्षणका काम हुँदा २७६ मूर्त सम्पदा आयोजना र १२५ अमूर्त सम्पदा कार्यक्रम सञ्चालन गरिएका प्रमुख साहले जानकारी दिए ।

महानगर प्रमुख साहका अनुसार महानगरले हालसम्म २३ अर्ब रूपैयाँबराबरको २०८ रोपनी सार्वजनिक जग्गा फिर्ता गरिसकेको छ । आगामी दिनमा करिब दुई खर्ब रूपैयाँबराबरको एक हजार ८५९ रोपनी जग्गा अतिक्रमणमुक्त गराउने लक्ष्य रहेको उनले बताए । उनले स्थानीय स्रोतसाधन र सीपको अधिकतम प्रयोग गर्दै रैथाने सीपलाई आयमा रूपान्तरण गर्न 'एक वडा-एक कार्यक्रम' सञ्चालन भइरहेको जानकारी दिए ।

महानगर प्रमुख साहले आर्थिक, सामाजिक र पूर्वाधार विकास, सुशासन तथा प्रशासनिक सुधार महानगरका नियमित कार्यक्षेत्र भएको बताए । उनले प्राकृतिक सम्पदा र मानवनिर्मित सृजनाको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमार्फत सहरको सांस्कृतिक पहिचान जोगाउने, सहरी स्वच्छता र सरसफाइ विस्तार गर्ने तथा एकीकृत पूर्वाधार विकासमार्फत सेवा प्रवाहलाई सहज र चुस्त बनाउने महानगरको दायित्व भएको बताए ।

महानगरले स्वास्थ्य, शिक्षा, रोजगारी प्रवर्द्धन, वातावरण सुधार र पूर्वाधार कार्यक्रमलाई थप प्राथमिकतासहित कार्यान्वयनमा ल्याएको जनाएको छ । स्वास्थ्यतर्फ एक हजार ८६ विपन्न नागरिकलाई उपचारका लागि सिफारिस गरिएको, २१० जनाको निःशुल्क उपचार गरिएको तथा ३२ वडामा स्वास्थ्य प्रवर्द्धन केन्द्रसहित ३५ स्वास्थ्य संस्था र जनस्वास्थ्य प्रयोगशाला स्थापना गरिएको प्रमुख साहले जानकारी दिए ।

यस्तै, विद्युतीय शासनअन्तर्गत इ-सिफारिस र इ-कार्यालय प्रणाली कार्यान्वयनमा ल्याइएको छ । यसैगरी १५२ आगलागीका घटना र १४३ जोखिमयुक्त रुख व्यवस्थापन गरिएको महानगरले जनाएको छ । सहरी योजना आयोगमार्फत १६४ योजनाको विस्तृत डीपीआर तयार गरिएको छ भने छ अर्ब ३३ करोड ५८ लाख रूपैयाँको लागत अनुमान भएका २५१ योजना बोलपत्रमार्फत खरिद हुँदा एक अर्ब २३ करोड रूपैयाँ बचत भएको उनले जानकारी दिए ।

'महानगरमा कल सेन्टर र हेलो सरकारमार्फत प्राप्त नौ हजारभन्दा बढी गुनासामध्ये अधिकांश फर्स्योट गरिएका छन् । ३० हजार ३२३ ज्येष्ठ नागरिकलाई मासिक चार हजार रूपैयाँका दरले सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ,' उनले भने ।

प्रमुख साहले तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजनाको प्रभावकारी कार्यान्वयनबाट महानगरवासीलाई काठमाडौंमा बसोबास गरेको गर्व हुने वातावरण बनाइने प्रतिबद्धता व्यक्त गरे । त्यसका लागि उनले संघ, प्रदेश, विकास साझेदार, नागरिक समाज र निजी क्षेत्रसँग सहकार्यको अपेक्षा व्यक्त गरे ।

# प्रतिनिधिसभा निर्वाचनमा पर्यवेक्षण गर्न ३१ संस्थालाई अनुमति

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको पर्यवेक्षण गर्न ३१ संस्थालाई अनुमति दिएको छ । आयोगले २७ राष्ट्रिय र चार अन्तर्राष्ट्रिय संस्थालाई निर्वाचनमा पर्यवेक्षण गर्न अनुमति दिएको हो ।

आयोगले गत कात्तिक ११ गते प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को पर्यवेक्षण गर्न इच्छुक राष्ट्रिय तथा अन्तर ाष्ट्रिय संस्थाबाट निवेदन आह्वान गरेको थियो । त्यसमा ४४ वटा राष्ट्रिय र पाँच वटा अन्तर्राष्ट्रिय संस्थाबाट निवेदन प्राप्त भएको आयोगले जानकारी दिएको छ । पर्यवेक्षणका लागि आवेदन गरेका संस्थामध्ये निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९ मा तोकिएका आधार र प्रक्रिया पूरा गरेका ती संस्थालाई पर्यवेक्षण गर्न अनुमति दिनेगरी निर्णय भएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

निर्वाचन पर्यवेक्षण निर्देशिकाबमोजिम आवश्यक पर्ने कागजात पेस नगरेका संस्थालाई पाँच दिनभित्र थप कागजात बुझाउन पत्राचार गरिएको उनको भनाइ छ । माग भएबमोजिमका कागजात प्राप्त भएपछि आवश्यक ती संस्थाका बारेमा निर्णय हुने आयोगले स्पष्ट पारेको छ ।

अनुमति पाएका राष्ट्रिय संस्थामा डेमोक्रेसी रिसोर्स सेन्टर, नेपाल, सामूहिक अभियान, नेपाल मानवअधिकार संगठन, युवा वकालत नेपाल, निर्वाचन पर्यवेक्षण समिति नेपाल, लोकतन्त्र तथा निर्वाचन सरोकार नेपाल, गैरसरकारी संस्था महासंघ नेपाल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), संघीय बहसमा युवा, सामाजिक परिचालन तथा चेतना अभिवृद्धि समूह नेपाल, नेपाल मतदाता अधिकार मञ्च, राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), राष्ट्रिय अपांग महासंघ नेपाल छन् ।

यस्तै मानवअधिकार तथा सामाजिक रूपान्तरण अभियान नेपाल, सुशासन महासंघ नेपाल, अन्तर्राष्ट्रिय युएनएचआर काउन्सिल नेपाल, राष्ट्रिय व्यावसायिक पहल, महिला कानुन र विकास मञ्च, बागीश्वरी असल शासन क्लब (बास), समृद्ध आधार नेपाल, कानुनी न्यायिक अध्ययन प्रतिष्ठान, महिला सेवा संस्था नेपाल, युवालय, विश्व उपभोक्ता महासंघ नेपाल, उन्नत नेपाल, प्राज्ञिक विद्यार्थी परिषद् नेपाल, र सञ्चारिका समूह नेपाल छन् ।


**युएइमा रोजगार** — कम्पनी : ARUN VALLEY BUILDINGS MAINTENANCE AND CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१२ | LT. No. 328852 | चलानी नं. ६०२४३०३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 100 | 0 | 1000 | ३९,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ८ गते (23rd Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com



**कतारमा रोजगार** — कम्पनी : RED MOUNTAIN SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०८/२९ | LT. No. 335095 | चलानी नं. ६०२४८७९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 2 | 1300 | ५१,६१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | CASHIER | 2 | 0 | 1300 | ५१,६१३ | | | | | | | |
| 3. | Dry Cleaner Worker | 0 | 2 | 1000 | ३९,७०२ | | | | | | | |
| 4. | Foreman | 2 | 0 | 2500 | ९९,२५६ | | | | | | | |
| 5. | General Supervisor | 2 | 0 | 2500 | ९९,२५६ | | | | | | | |
| 6. | Receptionist | 0 | 1 | 1100 | ४३,६७३ | | | | | | | |
| 7. | REPRESENTATIVE | 2 | 0 | 2200 | ८७,३४५ | | | | | | | |
| 8. | Supervisor | 1 | 0 | 2500 | ९९,२५६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ८ गते (23rd Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 980-1041130
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१


# प्रधानाध्यापक ठाकुरविरूद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं (प्रस)–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले धनुषाको विदेह नगरपालिका-२ दुहवीस्थित शंकर जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक धनिकलाल ठाकुरविरूद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले आर्थिक वर्ष २०७८/७९ मा आइसिटी ल्याब स्थापना तथा आर्थिक वर्ष २०७९/८० को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत विद्यालयमा आइटी ल्याब स्थापना तथा डिजिटल लाइब्रेरी सुदृढीकरण कार्यक्रममा रकम हिनामिना गरेको दाबीसहित सोमबार मुद्दा दायर गरेको हो ।

प्रधानाध्यापक ठाकुरसँगै तत्कालीन लेखापाल अरूणकुमार कुशियैतविरूद्ध जनही आठ लाख ६२ हजार रूपैयाँ बिगो रकमसहित विशेष अदालतमा मुद्दा दायर भएको अख्तियारले जनाएको छ । अख्तियारले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'आव २०७८/७९ को आइसिटी ल्याब व्यवस्थापनका लागि खरिद गरिएको ८७ हजार ५०० रूपैयाँबराबरको प्रोजेक्टर तथा आव २०७९/८० मा आइटी ल्याब व्यवस्थापनका लागि खरिद गरिएको एक करोड २४ लाख ६५२ रूपैयाँबराबरको स्कस्ल सफ्टवेयर र स्टान्ड हाल विद्यालयको अभिलेखमा नदिखिएको हुँदा सजायको माग दाबीसहित आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।'


**युएइमा रोजगार** — कम्पनी : DAXS SCAFFOLDING CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२९ | LT. No. 329222 | चलानी नं. ६०२४३०७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1500 | ५७,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician/Plumber/Painter | 6 | 0 | 1500 | ५७,१७५ | | | | | | | |
| 3 | Air Condition Technician | 10 | 0 | 1000 | ३८,११५ | | | | | | | |
| 4 | Stevedores | 5 | 0 | 1200 | ४५,७४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ८ गते (23rd Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LIC No. 407/060/61

Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको विशेष दर्ता खारेज गरिएको ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७५/०३/२४ मा दर्ता भएको प्रा.लि.नं. १९२९५१ को को **कोजिभ कन्सट्रक्सन** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**दाबी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको**
**सूचना**

*प्रकाशित मिति : २०८२/०९/०१ गते*

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त संस्था Sky Power International Service Pvt. Ltd. (Lic.No. १२७५/०७४/७५) ले यस विभाग समक्ष संस्थाको रजिष्टर्ड कार्यालयको ठेगानालाई तपसिल बमोजिम स्थानान्तरण गरी पाऊँ भनी निवेदन आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (**सात**) **दिन**भित्र यस वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा उजुरी/निवेदन पेश गर्नु हुन मिति २०८२/०८/२९ को निर्णयानुसार अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| साविक ठेगाना | अब कायम हुन नयाँ ठेगाना |
|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३ | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.४ |

**वार्षिक साधारण सभाको सूचना**
**पिस इनर्जी कम्पनी लिमिटेड**
**बत्तिसपुतली, काठमाडौं**

**आ.व.२०८१/०८२ को वार्षिक साधारण सभाको सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०८२/०९/०१**

यस पिस इनर्जी कम्पनी लि.को मिति २०८२/०८/२८ गते बसेको संचालक समितिको बैठकद्वारा पारित भई मिति २०८२/०९/२१ गतेको दिन पिस इनर्जी कम्पनी लिमिटेड को वार्षिक साधारण सभामा निम्न मिति, स्थान र समयमा निम्न बमोजिमका विषयहरूमा छलफल हुने हुँदा उक्त दिनको साधारण सभामा उपस्थित हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ । सम्पूर्ण शेयरधनीहरूलाई लिखित तथा मौखिक जानकारी समेत गरि सकिएकोमा यदि उक्त सूचना प्राप्त गर्न नसक्नु भएका शेयरधनीहरूले यसै सूचनालाई आधिकारिक सूचना मानी उल्लेखित मितिमा हुने वार्षिक साधारण सभामा उपस्थित हुन अनुरोध गरिन्छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय:**

**मिति: २०८२।०९।२१ गते सोमबार**
**समय : बेलुका ६ बजे**
**स्थान : प्रेसिडेन्ट सेकुवा, बत्तीसपुतली, काठमाडौं ।**

**(क) सामान्य प्रस्ताव:**

१. आ.व. ०८१।०८२ को अध्यक्षज्यूले पेश गर्नु हुने प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
२. आ.व. ०८१।०८२ को कम्पनीका तर्फबाट लेखा परीक्षकज्यूले पेश गर्नु हुने लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
३. आ.व.०८२।०८३ का निम्ती लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. सञ्चालक समिति गठन (सर्वसम्मत वा निर्वाचन) गर्ने सम्बन्धमा ।
५. विविध ।

**(ख) विशेष प्रस्ताव:**

१. प्रवन्ध पत्र तथा नियमावली संशोधन गर्ने विशेष प्रस्ताव सम्बन्धमा ।
२. सर्वसाधारण शेयरधनीको लागि (IPO) जारी गर्ने विशेष प्रस्ताव सम्बन्धमा

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१) कुनै शेयरधनीले मनोनित प्रतिनिधि मार्फत सभामा भाग लिने भएमा तोकेको को ढाँचामा प्रोक्सी फारम (प्रतिनितिध पत्र) भरी सभा शुरु हुने भनि तोकिएको दिनभन्दा कम्तिमा ४८ घण्टा अगावै तोकिएको समय भित्र कम्पनीको कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । यसरी प्रतिनिधि मुकरर गर्दा कम्पनीको शेयरधनी बाहेक अरु व्यक्तिलाई प्रतिनिधि मुकरर गर्न पाइने छैन । प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि वदर गर्ने भएमा सोको लिखित सूचना सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको कार्यालयमा निर्धारित समयभित्र दर्ता गरि सक्नु पर्नेछ ।
२) प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएमा निजले मुकरर गरेको प्रतिनिधि स्वतः वदर हुनेछ ।
३) कुनै संगठित संस्था, बैङ्क तथा वित्तीय संस्था कम्पनीको मतदाता रहेमा सम्बन्धित शेयरधनी संस्थाबाट तोकिएको व्यक्ति वा मनोनित गरिएको प्रतिनिधिले मतदान गर्न सक्नेछन् ।
४) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिर पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।
५) शेयरधनी महानुभावहरूबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले व्यक्तिगत वा सामूहिक रूपमा उत्तर दिन सक्नेछ ।
६) आ.व. ०८१।०८२ बार्षिक साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको कर्पोरेट कार्यालय बत्तीसपुतली, काठमाडौंमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।
७) सञ्चालक निर्वाचन सम्वन्धी जानकारी यस कम्पनीको कर्पोरेट कार्यालय, बत्तीसपुतली, काठमाडौं स्थित निर्वाचन अधिकृतको कार्यालयको सूचना पाँटीमा उपलब्ध हुनेछ ।
८) साधारण सभाको दिन सञ्चालक समितिको सर्वसम्मत निर्णयबाट वा चुनावी प्रकृयाबाट सञ्चालक चयन हुँने हुँदा सोही दिन वार्षिक साधारण सभा हुने स्थलमा निर्वाचन कार्यक्रम प्रकाशित हुने व्यहोरा अनुरोध छ ।
९) प्रचलित ऐनले तोकेको म्याद भित्र प्रोक्सी मार्फत हाजिर हुने भए सो बुझाउन ल्याउनु होला ।
१०) सुरक्षाको कारणबाट सभाहलमा आउँदा शेयरधनी महानुभवहरूले छाता, झोला, ब्याग जस्ता बस्तुहरू लिएर सभा हलमा प्रवेश नगर्नु हुन साथै सभामा खटिएका सुरक्षाकर्मीहरूलाई सुरक्षा जाँच गर्न सहयोग गरिदिनु हुन अनुरोध छ ।
११) सभा सम्वन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**स्वास्थ्य कार्यालय पाँचथर**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र आव्हानको e-bidding सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०९/०१**

स्वास्थ्य कार्यालय, पाँचथरलाई आधारभुत स्वास्थ्य सेवाका लागि औषधी खरिद गर्न बोलपत्र आव्हानको e-bidding सम्बन्धी विस्तृत सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp मा समेत राखिएको छ । इच्छुक उत्पादक कम्पनी, आधारिक विक्रेता वा सप्लायर्स फर्महरूबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले आवश्यक कागजातसहित ३१ औं दिनको १२:०० बजेभित्र दाखिला गरिसक्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नः | आपुर्ती गर्ने औषधीको विवरण | धरौटी रकम रु | बोलपत्र खरिद दस्तुर | बोलपत्र पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|
| HOP/EM/NCB/G/2082/083-01 | आधारभुत स्वास्थ्य सेवाका लागि औषधी खरिद | ६५०००/- | ३०००/ | २०८२।१०।०१ १२:०० बजे |

१. स्वास्थ्य कार्यालय पाँचथर, राजश्व खाता नः २७००२००००१००१०००००१
२. स्वास्थ्य कार्यालय, पाँचथर, धरौटी खाता नः ०६७०२०००००२००३०००००१
३. कार्यालयको कोड नं. ३७०००१०२०११

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# कामदारलाई आर्थिक भार थप्ने काम बन्द गराइयोस्

गत भदौ २३ र २४ को जेन–जी आन्दोलनपछि नेपाली कामदारलाई भिसा दिन रोकेको युएईले झण्डै तीन महिनापछि सर्तसहित भिसा खुला गरिदिएको छ । नेपाली श्रमिकहरूको प्रमुख रोजगार गन्तव्यमध्येको एक युएईले भिसा खुला गरेसँगै युएई जाने तयारीमा रहेकाहरूले राहतको महसुस गरे । तर, युएईको सर्तले कामदारलाई आर्थिक भार थपेको छ । युएईले नेपालीलाई भिसा दिनका लागि पुलिस रिपोर्ट अनिवार्य गरेको छ । जसको प्रमाणीकरणका लागि कामदारले चर्को शुल्क तिर्नुपर्ने भएको हो ।

नेपाल प्रहरीले जारी गरेको पुलिस रिपोर्ट प्रमाणीकरणका लागि भिसा फ्यासिलेटेसन सर्भिस (भिएफएस) ग्लोबलमार्फत युएई पठाउन १४ हजार २०० रूपैयाँ तिर्नुपर्ने भएको छ । एक त रोजगारीका लागि जाने कामदारले म्यानपावर कम्पनीलाई चर्को शुल्क तिर्नुपर्छ । यद्यपि, सरकारको नियम भिसा र टिकट निःशुल्क छ । तर, व्यवहारमा त्यो कार्यान्वयनमा छैन । नाममात्रको निःशुल्क भिसा र टिकट, व्यवहारमा लाखौं असुलीको मारका पर्दै आएका कामदार युएईको पछिल्लो सर्तले थप मारमा पर्ने निश्चित छ ।

युएई रोजगारीको प्रक्रिया थालेपछि कामदारले नेपाल प्रहरीबाट उक्त रिपोर्ट लिएपछि परराष्ट्र मन्त्रालयबाट प्रमाणीकरण गराउनुपर्छ । त्यसपछि भिएफएसमार्फत युएईस्थित दूतावासबाट अनिवार्य 'भेरिफाइ' गर्नुपर्छ । यसरी महँगो शुल्क तिरेर प्रमाणीकरण गरिने उक्त पुलिस रिपोर्टको म्याद तीन महिनाको मात्र हुन्छ । सो अवधिमा भिसा नलागेका कामदारले पुनः नयाँ पुलिस रिपोर्ट बनाएर पुनः भिएफएसमार्फत पठाउन खर्च गर्नुपर्ने अवस्था सिर्जना भएको छ । युएई जाने टुंगो नलाग्दै यति ठूलो खर्च गर्न बाध्य बनाइनु श्रमिकमाथिको अन्याय हो ।

त्यसो त व्यवसायीहरूले यो व्यवस्थाको विरोध गर्दै आएका छन् । उक्त प्रावधानको आधिकारिकता पुष्टि नभएकोसमेत व्यवसायीहरूले बताएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अनुसार कम्पनीहरूले मागेको भन्ने विषय छ तर कुनै पनि आधिकारिक जानकारी आएको छैन । यसले थप अन्योलता सिर्जना गरेको छ । यो विषयमा सरकारले कूटनीतिकरूपमा नै पहल गर्न जरुरी भएको छ । मुख्यतः युएईले जेन–जी आन्दोलनका क्रममा भागेका कैदीबन्दी र तोडफोडमा संलग्न व्यक्तिहरू आफ्नो देशमा प्रवेश गर्नसक्ने भन्दै पछिल्लो कदम चालेको बताइन्छ । तर, युएईले यसबारे आधिकारिकरूपमा आफ्नो धारणा सार्वजनिक गरेको छैन ।

युएईमा लाखौंको संख्यामा नेपालीले रोजगारी पाएका छन् । अर्को पाटोबाट हेर्दा युएईले पनि नेपाली कामदार पाएको अवस्था छ । युएईलाई कामदार चाहिएको र नेपालीलाई रोजगारी चाहिएको अवस्था हो । त्यसैले दुवै देशबीचको संवादबाट कामदारलाई आर्थिक भार पर्ने प्रावधान हटाउन आवश्यक छ । नेपाल सरकारको तर्फबाट तत्काल कूटनीतिक पहल भए यो हटाउन असम्भव छैन । मात्र युएईलाई जेन–जी आन्दोलनका क्रममा फरार कैदीबन्दी र तोडफोडमा संलग्नहरू आउन नदिने सुनिश्चतता गर्नु आवश्यक छ । यसतर्फ सरकारले तत्काल पहल गरोस् ।

श्रम सरोकार

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

# काठमाडौंमा बढ्दो वायु प्रदूषणको समस्या र न्यूनीकरणका उपाय



रोशनी अधिकारी

नेपाल हाल विश्वका ती देशहरूमध्ये पर्दछ, जहाँ वायु प्रदूषण तीव्रगतिमा बढ्ने क्रममा छ । काठमाडौं उपत्यकादेखि तराई, पहाड हुँदै हिमाली क्षेत्रसम्म प्रदूषणको प्रत्यक्ष असर देखिन थालेको छ । त्यसो त हरेक पल फेर्ने श्वासप्रश्वासदेखि पिउने पानीसम्मलाई प्रदूषणले प्रभाव पारिरहेको छ । यसको असरबाट नयाँ प्रकारका रोगहरू देखिने क्रममा छन् । अझ पछिल्लो दशक संसारमा नसर्ने रोगहरूको महामारी फैलनुमा पनि प्रदूषणको प्रभाव हो भन्ने कुरालाई प्रतिष्ठित अनुसन्धानमा संलग्न संस्था र व्यक्तिहरूले प्रमाणित गरेका छन् । हरेक सालझैं यस साल पनि काठमाडौंमा वायु प्रदूषणको मात्रा बढ्न थालेको समाचारहरू आएका छन् । साधारणरूपमा हामीलाई हिँडडुल गर्दा पनि आँखा पिरो हुने, नाक पोल्ने, वाकवाकी लाग्ने, रिँगटा लागेजस्तो हुने, श्वासप्रश्वासमा असहजता हुनेजस्ता लक्षणहरू भोग्दै आएका छौं ।

संसारभर प्रदूषण बढ्नु हरेक देशका आ-आफ्ना प्रमुख कारणहरू छन् तर पनि मुख्य कारण भने १८औं शताब्दीमा भएको औद्योगिक क्रान्तिलाई मानिन्छ । एकपछि अर्को उद्योग स्थापना हुँदै जाने क्रममा त्यस्ता उद्योगले गर्ने प्रदूषण नियन्त्रणमा कसैले ध्यान दिएनन् । आर्थिक विकास गर्ने होडमा शक्तिशाली देशहरूले जनमानसको स्वास्थ्यमा पर्ने असरप्रति ध्यान दिएनन् । त्यसैगरी जनसंख्या वृद्धि, तीव्र सहरीकरण, सवारीसाधनको अनियन्त्रित विस्तार र प्रभावकारी नीतिको अभावले प्रदूषणको समस्या झन् पछि झन् जटिल बन्दै गयो । यसले क्रमशः बहुआयामिक प्रभाव पार्दै गयो । फलस्वरूप पर्यावरण, अर्थतन्त्र, पर्यटन, कृषि तथा समग्र जीवनयापनमै गम्भीर असर पार्न थाल्यो । त्यस्ता असरबाट नेपाल र मुख्यगरी यसको राजधानी काठमाडौं अछुतो रहने कुरै भएन ।

## काठमाडौंमा वायु प्रदूषण

कचौराजस्तो भौगोलिक भू-बनोटले गर्दा काठमाडौं उपत्यकाभित्र जम्मा भएका वायु प्रदूषणलाई हावाले सजिलै बाहिर लान सक्दैन । अझ जाडोयाममा राति र बिहानीपख उपत्यकाको सतह नजिक चिसो हावाको एक तह बन्छ जसलाई तातो हावाको अर्को तहले ढकनीले जस्तै छोपेर राखेको हुन्छ; यसलाई वैज्ञानिक भाषामा इन्भर्सन भनिन्छ । यसले गर्दा जाडोयाममा प्रदूषण जमिनको सतह नजिक नै बसिरहन्छन् र वायु प्रदूषण अत्यधिक मात्रामा बढ्न जान्छ । वायु प्रदूषण बढी हुनुको अर्को कारण यहाँको उचाइ पनि हो । १३ सयदेखि १३ सय ५० मिटरसम्मको उचाइमा अवस्थित काठमाडौं उपत्यकामा गाडीले अन्य कम उचाइ भएका ठाउँभन्दा साधारणतया बढी धुवाँ फाल्ने गर्दछ । त्यस्तै अन्य निम्न कारणले पनि काठमाडौंमा वायु प्रदूषण बढ्ने गरेको छः

## सवारीसाधनद्वारा अत्यधिक धुँवा उत्सर्जन

यसै त काठमाडौं उपत्यकाको भू-बनोट कचौरा आकारको छ । जसले गर्दा प्रदूषित हावा तल्लो तहमा थिग्रिएर बस्न पुग्छ । त्यही हावा श्वासप्रश्वासका माध्यमबाट मानिसको फोक्सोमा पुगेर संक्रमण गर्दछ । पुराना र मापदण्डविहीन सवारीसाधन, गुणस्तरहीन इन्धन, भिडभाडयुक्त तथा कच्ची सडक र ट्राफिक व्यवस्थापनको कमजोरीले उपत्यकाको प्रदूषणमा करिब ५० प्रतिशतसम्म योगदान गरेको देखिन्छ । सहरी क्षेत्रमा सवारीसाधन सञ्चालनको मापदण्डलाई कडाइ नगर्ने हो भने यसको हिस्सा बढ्दै जाने कुरामा कसैको दुई मत नहोला ।

## सिमेन्ट र इँटा उद्योग

**बढ्दो सहरीकरणसँगै उत्पादन बढाउँदै गएन भने देशको अर्थतन्त्र क्रमशः** ऋणात्मक हुँदै जाने गर्दछ । तसर्थ, औद्योगिकीकरण कुनै पनि देशको प्रगतिको पहिलो मानक हो । तर त्यसता उद्योग बस्तीहरूबाट निश्चित दूरीमा हुनु आवश्यक छ । अझ धुलो र धुँवा उत्सर्जन गर्ने सिमेन्ट, इँटाजस्ता उद्योगहरूलाई त बस्तीभन्दा निकै टाढा राख्नुपर्ने हुन्छ । हामीकहाँ भने नियमनविना सञ्चालन हुने त्यस्ता उद्योगहरूले वातावरणमा धुलो, कार्बन-मोनोअक्साइड, सल्फरडाईअक्साइड जस्ता प्रदूषक तत्वहरू छरिरहेका हुन्छन् ।

## निर्माण कार्यबाट उड्ने धुलो

हाम्रो जस्तो भौतिक विकासमा पछि रहेका देशहरूमा आधुनिक समयसँगै विभिन्न भौतिक संरचनाहरूको निर्माण कार्य तीव्र गतिमा हुँदै गरेका छन् । अझ पछिल्लो समय विकास भनेकै भौतिक निर्माण हो भन्ने भाष्य विकास हुँदै गएको छ । सडक विस्तार, घर निर्माण र सार्वजनिक संरचनाहरूको निर्माणस्थलहरूमा सुरक्षा मापदण्ड नअपनाइँदा जथाभावी धुलो उड्ने गरेको देखिन्छ । त्यो धुलोले मानव स्वास्थ्यमा पार्ने प्रभावका विषयमा सम्बन्धित पक्षहरू संवेदनशील नभइदिँदा प्रदूषण घट्नुको साटो झन् बढ्दो क्रममा रहेको छ ।

## फोहोर दहन र डम्पिङ साइट

**सामान्यतः** घर वरपर, खेतबारीमा रहेका प्लास्टिक, सिमेन्टको बोरा, चाउचाउका खोल, गुट्खाका खोल, कागज, ढोड, पराल, छ्वाली, झिक्राझिक्रीहरूलाई हामी खुलारूपमा जलाउने प्रवृत्ति रहेको छ । त्यस्ता वस्तु जलाउँदा विषालु ग्यास उत्पन्न भई वातावरणमा मिसिन जान्छ । यसले गर्दा हामीले फेर्ने श्वासमा प्रदूषण मिसिन पुग्छ । त्यस्तो प्रदूषित हावा लिएर हाम्रो फोक्सो के स्वस्थ रहन्छ र !

## प्राकृतिक तथा मौसमी कारणहरू

त्यसो त प्रदूषित वातावरणको कारण पृथ्वीको बढ्दो तापक्रम, हावाको कम गति, डढेलो र खाद्यबालीका अवशेषहरूलाई जलाउने गर्दा पनि वायु गुणस्तरलाई निरन्तर रूपमा बिगारी रहेका छन् ।

## वायु प्रदूषणका प्रभावहरू

**स्वास्थ्यमा प्रभावः** वायु प्रदूषणको प्रमुख असर भनेको यसले मानिसको स्वास्थ्यमा एकपछि अर्को असर गर्दै जानु हो । यसले श्वासप्रश्वाससम्बन्धी रोग (दम, एलर्जी, सिओपिडी), फोक्सो क्यान्सर, मुटु तथा रक्तसञ्चार प्रणाली र प्रजनन स्वास्थ्यसम्बन्धी रोगहरू लाग्ने गरेको विभिन्न अध्ययनहरूले देखाएका छन् । त्यसो त यसले बालबालिका, वृद्धवृद्धा र गर्भवतीलाई उच्च जोखिममा पार्दछ ।

**अर्थतन्त्रमा प्रभावः** कुनै पनि अर्थतन्त्रको प्रमुख मेरुदण्ड भनेको जनशक्ति नै हो । प्रदूषणले मानव स्वास्थ्यमा प्रहार गर्न थालेपश्चात् जनशक्तिको उत्पादन क्षमता पनि ह्रस आउन थाल्दछ । यसका कारण उत्पादन एवं सेवा क्षेत्रमा गम्भीर असर पर्न जान्छ । बिरामी जनशक्तिले न त उत्पादन गर्न सक्छ न त उपभोग नै गर्नसक्छ । त्यसैगरी प्रदूषणले स्वास्थ्य उपचार खर्च बढ्ने र पर्यटन क्षेत्रमा पनि नकारात्मक प्रभाव पारी समग्र आर्थिक चक्रलाई नै क्षति पुऱ्याई समग्र अर्थतन्त्रलाई शिथिलतातर्फ लाने सम्भावना रहन्छ ।

**पर्यावरणीय प्रणालीमा प्रभावः** प्रदूषणले पृथ्वीको तापक्रम बढाउँदा समग्र जीवहरूको पुनरुत्पादन प्रक्रियामा गम्भीर असर परिरहेको हुन्छ । त्यसरी प्रदूषण र तापमान बढ्दा हरियो वनस्पति कमजोर बन्ने, जैविक विविधतामा असर पर्ने, वर्षा ढाँचामा परिवर्तन हुनेजस्ता असर देखिँदै जाने छन् । यसले समग्र जीवको प्रणालीमै असर गरी नयाँ संकट बढाउने जोखिम दिनानुदिन बढ्दै गएको पाइन्छ ।

पर्यावरणीय प्रणालीमा रहेका समस्याहरूको तत्कालीन समाधानका विभिन्न उपायहरू हुन सक्छन् । धुलो नियन्त्रण अभियान कडाइका साथ सञ्चालन गर्न सकिन्छ । सडकलगायतका भौतिक संरचना निर्माणस्थलमा नियमितरूपमा पानी छर्कने र जिओ-टेक्सटाइल लेयर उपयोग गर्न सकिन्छ । पुराना सवारीसाधनहरू चरणबद्ध रूपमा हटाउने र विद्युतीय सवारीसाधनको प्रयोगमा जोड दिनुपर्छ । सार्वजनिक यातायातलाई भरपर्दो र व्यवस्थित पार्दै निजी सवारीसाधनको प्रयोगलाई निरुत्साहित र इन्धन गुणस्तर नियमित अनुगमन एवं परीक्षणमा कडाइ गर्न सकिन्छ ।

त्यस्तै जथाभावी फोहोर जलाउने कार्यलाई पूर्णप्रतिबन्ध लगाउन आवश्यक छ । घरवर, खेतबारीमा रहेका फोहोरहरूलाई खुलारूपमा जलाउने कार्यलाई प्रतिबन्ध लगाउनुपर्छ । त्यस्ता कार्यलाई स्थानीय तहमार्फत नियमित निरीक्षण, दण्ड जरिवाना प्रणाली लागू गरिनुपर्छ । राष्ट्रिय तथा स्थानीयस्तरमा वायु गुणस्तर सूचकांक मापन र तत्क्षणिक सूचना प्रवाह गर्ने प्रणालीको विकास गरी त्यसलाई कडाइका साथ लागू गरिनुपर्छ । खुलारूपमा निर्माण सामग्रीको ढुवानी गर्ने कार्य रोक्न भौतिक निर्माणमा आवश्यक ढुंगा, बालुवालगायतका सामग्रीलाई ढाकेरमात्र ढुवानी गर्ने व्यवस्था गर्नुपर्छ ।

दीर्घकालीन समाधानका उपायहरूमा विद्युतीय सवारीसाधनको प्रयोगलाई रणनीतिकरूपमा प्रोत्साहित गर्दै ट्राफिक व्यवस्थापन सुधारमा गर्दै एमआरटी, बिआरटीजस्ता आधुनिक सार्वजनिक यातायात प्रणालीको विकास गर्नुपर्दछ । दैनिक जीवनमा नवीकरणीय ऊर्जा खपतलाई प्रोत्साहित गराउन आवश्यक छ । सबैभन्दा बढी प्रदूषण गर्ने सिमेन्ट र इंटा उद्योगमा आधुनिक प्रविधिको जडान गरी प्रदूषण कम गर्न सकिन्छ । त्यसका लागि 'जिगज्याग' प्रविधिलाई अनिवार्य गर्दै शून्य उत्सर्जन उद्योगको अवधारणामा रूपान्तरण गर्नुपर्दछ । त्यसैगरी त्यस्ता उद्योगलाई सहर बाहिर सर्नका लागि प्रोत्साहन गर्नुपर्दछ । सहरी क्षेत्रमा बढ्दो कंक्रिटका संरचनाले तापक्रम र प्रदूषण बढाउन मुख्य भूमिका खेलिरहेको वर्तमान परिप्रेक्ष्यमा स्थानीय सरकारले 'ग्रिनबेल्ट' क्षेत्रहरूको विकास गर्दै पार्कहरूको निर्माणमा जोड दिनुपर्ने छ । वृक्षरोपण अभियानलाई तीव्रता दिँदै जमिन उपभोगको नीतिमा निर्मम बन्नुपर्दछ ।

त्यसैगरी बढ्दो प्रदूषणलाई कम गर्नका लागि वातावरण संरक्षण वातावरण संरक्षण ऐनको पूर्णकार्यान्वयनमा ध्यान दिनुपर्ने छ । स्थानीय तहलाई वातावरणीय निगरानी अधिकार विस्तार गर्दै वातावरण प्रभाव मूल्यांकन (इआइए) र प्रारम्भिक वातावरणीय परीक्षण (आइई) को प्रावधानलाई प्रभावकारी बनाउनुपर्ने हुन्छ । विद्यालयदेखि समुदायस्तरसम्म वातावरण शिक्षालाई अनिवार्यरूपमा लागू गरिनुपर्छ । हरेक घर-परिवारमा धुलो नियन्त्रण, मास्क प्रयोग, हरियाली अभियान र खुला फोहोर दहन बन्द गर्ने विषयलाई प्रभावकारीरूपमा चलाउनुपर्छ ।

## निष्कर्ष

प्राकृतिक र मानवीय कारणले गर्दा काठमाडौं उपत्यकामा वायु प्रदूषणको प्रभाव अन्य सहरभन्दा बढी हुने गर्छ । हरेक वर्षको हिउँद र प्रि-मनसुन समय फागुनदेखि वैशाखसम्म उपत्यकामा वायु प्रदूषण बढ्ने गर्छ । वातावरण विभागको प्रतिवेदनमा काठमाडौं उपत्यकामा प्रदूषणको मुख्य स्रोत १० लाखभन्दा बढी सवारीसाधन नै हुन् । नेपालमा सन् २०३० सम्ममा वायु प्रदूषणको वित्तीय भार २५६ मिलियन अमेरिकी डलर (करिब तीन खर्ब) पुग्ने विश्व बैंकको अनुमान छ । वनजंगलमा लाग्ने डढेलो, किसानले खेतबारीमा जलाउने कसिंगर, धुलो, धुँवा र पश्चिमी तथा पूर्वीय वायु सक्रिय हुन नसक्दा काठमाडौंमा प्रदूषण बढ्दै गइरहेको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) ले बताएको छ । यसरी बढ्दै गएको वायु प्रदूषणका कारण मानव स्वास्थ्यमा पर्ने असर तथा सेवा प्रभावित हुँदा आर्थिक क्षति पनि बढ्ने गरेको छ ।

वायु प्रदूषण केवल वातावरणीय समस्यामात्र होइन, जीवनरक्षासँग सम्बन्धित राष्ट्रिय प्राथमिकता बन्न पुगेको छ । यस क्षेत्रमा यदि आजै प्रभावकारी कदम चालिएन भने आगामी दिनहरूमा स्वास्थ्य संकट, आर्थिक क्षति र सामाजिक समस्या गहिरिँदै जाने छ । तत्कालीन कदम तत्काल लागू गरेर र दीर्घकालीन कदम नीतिगत सुधारमार्फत यो समस्यालाई नियन्त्रण गर्न सकिन्छ । तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक र सञ्चार क्षेत्रको सामूहिक भूमिकाले मात्र स्वच्छ हावा र सुरक्षित भविष्य सुनिश्चित हुनसक्छ । *रासस*






✍ बैकुण्ठ भण्डारी

# घरभित्रै लेण्डुप !

त्यो पर्दैन ! उसले भन्यो ।

त्यसको जवाफमा आयो- त्यसो भए के पर्छ त ?

'मैले जे-जे भन्यो त्यही मात्र पर्छ । मैले जसोजसो भनेर भनेको छु त्यसै त्यसै गर्नू ।' नाम भने काजी, कामजति सबै पाजी ! उसले जवाफ फर्कायो ।

हजुरबाले जोडेको बारीको लामो पाटोसँगै रहेको खहरेको भदौमा आएको बाढीले एउटै अंग नै लगेको थियो । खहरेको बाढी त हो, आउँछ, लैजान्छ । तर त्यसपछि त उही भत्किएको लामो पाटोको एक पाखोमात्र रहेको थियो । दाजुभाइ सबै मिलेर साँधसिमाना जोगाउनका लागि बाँसको घारीबाट बाँस काटेर बारीको बाटो पुरानै अवस्थामा फर्काउने प्रयास गर्ने सल्लाह गरे ।

दाजुभाइ कुलका सबै जना सल्लाह गरे । 'ल ठीक छ, त्यसो भए अब पुरानो बाँसको भर भएन नयाँ बाँस काटेर माटो कटान रोक्नका लागि जाली बनाएर बारीलाई पुरानै अवस्थामा फर्काउँ र त्यही नयाँ घर बनाउँ ।' भदौमा बाढीले लगेको लामो पाटो अब त नयाँ बन्ने भो । काका, ठूला बा, माइला बा, काकी, माइल्याँ सबैको कुरा सुनेर बसेका नातिनातिना भने दंग थिए । बाढीले बगाएको किताब कापीजस्ता कुराहरूलाई फेरि ल्याउन त सकिँदैन तर फेरि किनेर ल्याउन त सकिन्छ नि !

त्यसलाई नयाँ बनाउन त सकिन्छ नि अब नयाँ लामोपाटो बन्ने छ । अनि बाहरूले त्यसमा नयाँ घर बनाउनुहुने छ । छोरा नातिहरूले त्यसलाई निकै उत्साहित बनिरहेका थिए । देश छाडेर मुग्लान गएकाहरू पनि फर्कने कुरा आयो । एउटा ठूलो विनास र विपद्ले नयाँ अवसरहरू पनि दिने छ । पुराना घरहरू त भत्किन खोजे । ती घरहरूलाई कसरी हुन्छ बलियो बनाउनुपर्छ । आफैं जन्मेको घरलाई नै राम्रो बनाउनुपर्छ । आशा सबैले गर्न थाले ।

लामो पाटो भत्किएको कुरूप थियो । त्यही पाटोको दायाँ कुनामा भक्ते काकाको घर हेर्न नहुने थियो । दक्षिणतर्फ रहेको रामे काकाको घरको पनि उस्तै बिजोक ! घरको एउटा पाटो नै स्वाहा भएको । न टाल्न मिल्ने न थपथाप गर्न मिल्ने ! पूरै भत्काएर बनाउनुपर्ने अवस्थामा पुगेको थियो । तर पनि रामे काका र भक्ते काका दुवैले हार भने खाएका थिएनन् ।

भदौरे बाढीले धेरैको मन रुवाएर गयो । घरबारविहीन बनाइदियो । कसैको काख रित्यायो, कसैको के अंगभंग बनाइदियो । दुःखी र बेसहारा बनायो त्यो भदौरे भेलले । दसैं आयो, तिहार गयो । तर भदौरे भेलको पीडामा बसेकाहरूलाई कसैले पनि वास्तै गरेनन् ! हुन त जसलाई पर्छ उसैले भोग्ने हो । अरुले त कठैबरा भन्नेबाहेक के नै पो गर्छ र भन्ने कुरा भदौरे भेलको बाढी भोग्नेलाई नै थाहा होला ।

लामो पाटो बन्छ भन्ने छोराछोरी नातिनातिनाको आशा निराशा त्यस बेला हुन थाल्यो । जुनबेला काका, ठूलो बा, माइला बा, हजुरबाहरूले बोलेको कुरालाई नै फेर्न थाले । हिजोसम्म बाढीले तर्साएको थियो । अब उनीहरू नै बाढीलाई तर्साउँछु भन्न थाले । त्यो कुरा भक्ते काकालाई मन परेन । उनले भने, 'मेरो सारा चीज छियाछिया परेको छ । बाढीले भताभुंग बनाएको छ । त्यो बाढीले जे गरे पनि अब त बाढी नआउनेगरी पाटो सम्याउनुपर्छ ।'

भक्तेका कुरा ठूलाबा सुन्ने चाहँदैनथे । किनकि, उनी सधैं आफ्नो कुरालाई मात्र माथि पार्न खोज्ने । बालहठजस्तै गरिबस्थे । जेठोबाठो भएर सानालाई सम्हाल्ने होइन, उल्टै भाइभतिजाका सबै कुम्ल्याउने नभएर छिमेकीको हातमा सुम्पन्न खोज्ने लेण्डुप थिए । अहिले होइन, पहिलेदेखि नै उनको छिमेकीसँग उठबस राम्रो थियो । ठूलाबाका कुरा सुनेर अरु खासै बोल्दैनथे । किनकि, अलि बुझक्कड उनै छन् । समय आएपछि उनले सबैलाई समान नै गर्लान् भन्ने ठानेका थिए अरु पलायन भएका भाइहसमेतले ।

तर ती सबैका आशा निराशामा बदलिन थाल्यो । ठूलोबाको भनाइ र गराई छोरा र नाति पुस्तालाई पटक्कै मन परेको थिएन । किनकि, भदौरे बाढी आउनुअघि नै उनीहरूले मुहान खोलाको बहावलाई राम्रै छेकवार गरौं भनेका थिए । तर उनको हठ यस्तो थियो कि बाढीपहिरो सबै मै ठीक पार्छु जस्तो थियो । तर उनले सकेनन् ।

छोरानातिहरूको कुरा सुन्न नखोज्दा उनले आफ्नो बारीको पाटो नै गुमाउनुपऱ्यो । त्यतिमात्र कहाँ हो र ? बाढीले घरको पिँढी नै बगाइदिएपछि अर्काकै सहारामा ज्यान सुरक्षित बनाउने अवस्था पनि आइलाग्यो । भक्ते काका त बाढीभित्रै परेर धन्न ज्यान पो जोगाए । त्यही भएर भक्ते काका ठूलोबाको भनाइ मान्न तयार छैनन् । एकातिर भक्ते काका ठूलोबाको कुरा मान्न तयार छैनन् अर्कोतिर ठूलोबा जसरी हुन्छ आफ्नोबाहेक अरुको कुरा नै सुन्दैनन् । उनले बोलेको त ढुंगाकै अक्षरजस्तो गर्छन् ।

तर विडम्बना, हजुरबा बितेपछिको केही महिनामा नै लामोपाटो खान खोज्नेहरू धेरै नै थिए । घरभित्रकै दाजुभाइ पनि आफूले नसक्ने भएपछि छिमेकीलाई त्यति राम्रो मिलेको पाटो बेच्ने तरखर गर्दै पनि थिए । अहिले पो पोल खुल्दै छ । हिजो लामो पाटो छिमेकीलाई प्लटिङ बनाएर बेच्न दिन खोज्नेहरू त उनीहरूसँग नै उठबस र खानपानमै मस्त भइसकेका रैछन् ! घरभित्रै लेण्डुप भएपछि कसको के लाग्दो रैछन् र ? जति नै गोप्य कुरा भए पनि लेण्डुपहरूले छिनका छिनमै छिमेकीलाई पुऱ्याउने अनि उसले नखेले कसले खेल्छ त ? उसले त पहिलेदेखि नै खेल्दै आएको रहेछ । त्यही भएर मुहान खोलाको पानीको बहावलाई पुरानै मार्गमा जान नदिएर ठाउँ-ठाउँमा मिच्न सिकाएको रहेछ ।

कहिले कुन नातिलाई, कहिले कुन छोरालाई, कहिले कुन नातिनीलाई आफ्नो प्रभावमा पारेर मुहान खोलाको बहावमार्गलाई अवरोध गर्न नजानिँदो किसिमले सिकाएका रेछन् र पो भदौरे भेल सर्लक्कै आएर लामो पाटो नै खर्लप्पै पारिदिएको छ ! अब यी ठूलोबा, माइला बा, भक्ते काका, माइल्याँहरूले सधैं आफूलाई शेर सम्झेर बस्ने तर लेण्डुपको काम गर्दै कहिले कता भत्काउने कहिले कता किनार लगाउने गरेपछि भदौरे बाढीले पनि आफ्नो रूप त देखाइदियो । यत्ति हुँदा पनि अझै यी घरभित्रका लेण्डुपहरूको चेत खुलेन भने रामराम भन्नुबाहेक के नै पो गर्न सकिएला र ?



**खगेन्द्रप्रसाद र रुद्रकली हात्तीको बिदाइ**

नेपाल सरकारले कतार सरकारलाई उपहारस्वरूप प्रदान गर्न तय गरेका खगेन्द्रप्रसाद र रुद्रकली नामका दुई हात्तीको सोमबार उनीहरूको बसोबासस्थलबाट गरिएको बिदाइ समारोह ।
*तस्बिर: सनद अधिकारी/रासस*

# कोरलास्थित सीमाक्षेत्रमा संयुक्त गस्ती

**मुस्ताङ–** नेपाल-चीन उत्तरी कोरलानाकास्थित हिउँमै सीमाक्षेत्रको संयुक्त सुरक्षा गस्ती गरिएको छ । आइतबार अन्नपूर्ण संरक्षण आयोजना (एक्याप) लोमान्थाङसहित सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले सीमाक्षेत्रको संयुक्त गस्ती सम्पन्न गरेको हो ।



हिउँदयायमा नेपाल-चीन सीमाक्षेत्रमा हुनसक्ने सम्भावित वन्यजन्तुको चोरी सिकारी तथा तस्करीका साथै सीमाक्षेत्रमा हुनसक्ने सम्भावित अपराध, अवैध क्रियाकलाप र अवाञ्छित गतिविधि नियन्त्रणका लागि एक्याप लोमान्थाङ कार्यालयका कर्मचारी प्रतिनिधिसहित सशस्त्र प्रहरी र नेपाल प्रहरीले संयुक्त सुरक्षा गस्ती गरेको एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिए ।

प्रमुख पौडेलसहित लोमान्थाङ-२ नेचुङमा रहेको सशस्त्र प्रहरी बोर्डर आउटपोस्ट (बिओपी) र नेपाल प्रहरी गरी करिब एक दर्जन टोली सेताम्मे हिउँमा माइनस डिग्री तापक्रमको प्रवाह नगरी कोरलास्थित सीमाक्षेत्रको संयुक्त सुरक्षा गस्तीमा खटिएका एक्याप लोमान्थाङले जनाएको छ । नेपाल-चीन उत्तरी सीमाक्षेत्रमा हिउँदयाममा पहिलो संयुक्त सीमा सुरक्षा गस्ती सुरु गरिएको हो । हिउँदयाममा सीमाक्षेत्र सुनसान हुने र यस्तो अवस्थामा सीमाक्षेत्रमा चोरी सिकार र तस्करीलगायतका घटना हुनसक्ने भएकाले एक्यापसहितको सुरक्षा टोलीको कोरला क्षेत्रको संयुक्त सुरक्षा गस्ती गरेको एक्याप लोमान्थाङको भनाइ छ ।

संयुक्त सुरक्षा गस्तीको टोलीले उत्तरी नेपाल-चीन कोरलानाकाको २४ नम्बर सीमास्तम्भदेखि मनाङतर्फ पर्ने सीमास्तम्भ २५, २६, २७ र २८ नम्बर सीमाक्षेत्रमा पुगेर गस्ती गरेको हो । उपल्लो मुस्ताङमा गत कात्तिक १० गते भारी हिमपात भए पनि त्यसयता भएको छैन । यद्यपि, नेपाल-चीन सीमाक्षेत्रमा कात्तिक १० गते परेको हिउँ यथास्थितिमै छ । त्यहाँ सीमाक्षेत्रमा कार्यरत सुरक्षाकर्मीको सहयोगमा एक्याप लोमान्थाङले संयुक्त सुरक्षा गस्ती प्रारम्भ गरेको जनाएको छ ।

हिउँदयामसँगै उपल्लो मुस्ताङमा चिसो अत्यधिक बढेको छ । उपल्लो मुस्ताङमा बिहान र बेलुकीपखको तापक्रम माइनस २० डिग्रीमा झर्ने गरेको छ । चिसोका कारण उपल्लो मुस्ताङका अधिकांश नागरिक जाडो छल्न बेँसी झरिसकेका छन् । सीमावर्ती क्षेत्रमा कार्यरत सुरक्षाकर्मी भने चिसो सहदै सीमा सुरक्षाका लागि खटिएका छन् । *रासस*

# विद्युतीय भुक्तानी प्रणालीको सुविधा नहुँदा अस्पतालमा सेवाग्राहीलाई सास्ती

**देवदह (रूपन्देही)–** २०८२ कात्तिक २ गते राति ११:३० बजे छोराको उपचारका लागि रूपन्देहीको सिद्धार्थनगर नगरपालिका-८ का नारायणप्रसाद कोइराला भैरहवास्थित भीम अस्पताल पुगे । खुट्टामा समस्या देखिएपछि १२ वर्षीय संयोगलाई लिएर उनी अस्पतालको आकस्मिक (इमर्जेन्सी) कक्षमा पुगे ।

कोइरालासँग भएको नगद ५० रूपैयाँले टिकट काउण्टरमा आकस्मिक पुर्जी काटे । इमर्जेन्सी कक्षमा रहेका चिकित्सक/स्वास्थ्यकर्मीले संयोगको जाँच गरेपछि एक्सरे गर्नुपर्ने सुझाए । तर कोइरालासँग छोराको खुट्टाको एक्सरे गराउन लाग्ने नगद पैसा थिएन । नगद नभएकै कारण उनी त्यस रात एक्सरे नगराइकन घर फर्किए । अहिलेको समयमा नगद पैसा खासै बोकिँदैन, डिजिटल भुक्तानी (क्युआर कोड) मार्फत एक्सरे गराउन लाग्ने रकम तिर्छु भने । तर अस्पतालमा विद्युतीय भुक्तानीको सुविधा रहेन छ ।

एक्सरे नगराइकन कोइराला दुई ट्याब्लेट औषधि किनेर घर फर्किएको बताउँछन् । अस्पतालपरिसरमा रहेको साझा स्वास्थ्य सेवा (औषधि पसल) मासमेत क्युआर कोडबाट रकम भुक्तानी गर्ने सुविधा नरहेपछि संयोगसँग खल्तीमा भएको नगद पाँच रूपैयाँले दुई ट्याब्लेट औषधि किनेर बुबाछोरा घर फर्किएको उनको सम्झना छ ।

'भीम अस्पतालप्रति सेवाग्राहीको विश्वास बढ्दो छ । यहाँ कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारीले सेवाग्राहीसँग गर्ने व्यवहार राम्रो पाएको छु, केही स्वास्थ्य समस्या परे यसै अस्पतालमा नियमित रूपमा स्वास्थ्य परीक्षण गराउँदै आएका छौं,' उनले भने, 'मैले भोग्नुपरेको समस्या कसैले पनि भोग्नु नपरोस्, अस्पताल प्रशासनले यसमा सुधार गरेर जान्छ भन्ने अपेक्षा गरेको छु ।' उनले विद्युतीय भुक्तानीको सुविधा भए सेवाग्राहीलाई सहजता प्रदान हुने बताए ।

कोइरालाजस्ता धेरै बिरामीलाई डिजिटल भुक्तानीको सुविधा नहुँदा सास्ती खेप्नुपरेको छ । प्रविधिको युगमा अस्पतालमा पनि प्रविधिको विकास हुनुपर्ने सिद्धार्थनगर नगरपालिका-३ का गोपाल भण्डारीले बताए । निजी स्वास्थ्य संस्थामा अनलाइनबाट काम हुने तर, सरकारी स्वास्थ्य संस्थामा किन हुन सक्दैन भन्दै उनले प्रश्न गरे । होटल व्यवसायी महासंघ नेपालका उपमहासचिव राजेश महोत्राले अब अस्पताल पनि 'क्युआर कोड सिस्टम'मा जानुपर्ने बताए । उनले अनलाइनबाटै टिकट बुकिङ र भुक्तानी गर्ने सुविधा प्रदान गर्नेतर्फ अस्पताल अघि बढ्नुपर्ने सुझाव दिए ।

भीम अस्पताल विकास समितिका पूर्वअध्यक्ष नारायणप्रसाद भण्डारीले अस्पतालमा 'अनलाइन टिकेटिङ' र क्युआर कोड सुविधाबारे काम अगाडि बढाउने तयारी गर्दै गर्दा आफू जिम्मेवारीमुक्त भएको बताए । उनले अहिलेसम्म अस्पतालमा यो सुविधा हुन नसकेको भन्दै अस्पताल प्रशासनको ध्यानाकर्षण गराए । 'अनलाइन टिकेटिङको सुविधा भयो भने सेवाग्राहीलाई टिकट काट्न लाइन बस्नुपर्दैन । अनलाइनबाटै पैसा तिरेर बिरामी उपचार गराउन आउनुहुन्छ, जसले गर्दा बिमा र जनरल ओपिडीमा भीड पनि कम हुन्छ,' भण्डारीले भने । बिरामीको सुविधाका लागि अस्पताल विकास समिति र अस्पताल प्रशासनले यसतर्फ विशेष ध्यान दिनुपर्ने उनको सुझाव छ ।

भीम अस्पतालले गत हप्ता आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममा अस्पताल प्रमुख (मेडिकल सुपरिटेण्डेण्ट) डा. वर्षा थापाले विद्युतीय भुक्तानी प्रणालीलाई मध्यकालीन योजनामा राखिने जानकारी दिइन् । 'हामीकहाँ आइटीसम्बन्धी कर्मचारी नभएको हुनाले बाहिरबाट परामर्शमार्फत ल्याउनुपर्छ, त्यसैले यसलाई मध्यकालीन योजनामा राख्छौं,' उनले भने ।

अस्पताल विकास समितिका अध्यक्ष डा. अनन्तकुमार शर्माले भीम अस्पतालले राम्रो सेवा दिइरहेका कारण यहाँ बिरामीको चाप बढ्दै गएको बताए । उनले विद्युतीय भुक्तानी प्रणालीको सुविधा नभएका कारण सेवाग्राही मर्कामा परेको गुनासो आएको भन्दै सुनुवाइका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरे । अध्यक्ष शर्माले डिजिटल प्रणालीको सुविधा प्रदान गर्न लागिपरेको बताए । *रासस*

पालिकास्तरीय बाल कचहरी

# बालविवाह न्यूनीकरण गर्न माग

**म्याग्दी–** धवलागिरि गाउँपालिका-३ मुनामा आइतबार सम्पन्न पालिकास्तरीय बाल कचहरीबाट बालअधिकारको सुनिश्चितता, संरक्षण तथा प्रवर्द्धन र बालविवाह न्यूनीकरणका लागि १० बुँदे घोषणापत्र जारी भएको छ ।

बाल क्लबका प्रतिनिधि, जनप्रतिनिधि, शिक्षकसम्बद्ध संघसंस्था र सरोकारवालाबीच धवलागिरि गाउँपालिकामा रहेको बालबालिकासम्बन्धी समस्या र समाधान उपायका विषयमा छलफल गरी घोषणापत्र जारी भएको हो । बालविवाह, विभेद, बालमजदुरजस्ता सामाजिक कुसंस्कारका विरुद्ध सामूहिक आवाज उठाउन र त्यस्ता घटनाको न्यूनीकरणमा कटिबद्ध भएर लाग्ने, बालबालिकाको बाँच्न पाउने, संरक्षण, विकास र सहभागिताको नैसर्गिक अधिकारको परिपालनामा संवेदनशील र कार्यान्वयनमा प्रतिबद्ध रहने घोषणापत्रमा उल्लेख छ ।



विद्यालयमा बालमैत्री वातावरण र भौतिक संरचनालाई बालमैत्री बनाउने, विद्यालयमा सरकारले उपलब्ध गराउने सेनेटरी प्याडको गुणस्तरीयतामा ध्यान दिने, बालविवाह गर्ने र गराउनेलाई कानुनी दायरामा ल्याउने, गुणस्तरीय शिक्षा कायम गराउने, बालबालिकामा अन्तर्निहित प्रतिभा प्रस्फुटनको अवसर दिलाउने प्रतिबद्धता जनाइएको छ ।

विद्यालयमा दिवा खाजालाई पोषणयुक्त र आत्मनिर्भर बनाउन विद्यालयमै करेसाबारी बनाउने, विद्यालय तथा समुदायमा हुने सबै किसिमका विभेद तथा भेदभावविरुद्ध शून्य सहनशीलताको रणनीति अपनाइने घोषणापत्रमा उल्लेख छ । गाउँ कार्यपालिकाको सामाजिक विकास समितिका संयोजक तथा वडा नं ३ का अध्यक्ष देवेन्द्र रोकाको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बालअधिकारको संरक्षण र बालविवाह न्यूनीकरणमा जोड दिएको बताउँदै दिवाखाजा र छात्राबासका लागि आवश्यक तरकारी विद्यालयमै उत्पादन गर्ने अभ्यास सुरु भएको जानकारी गराए ।

कार्यक्रममा सहभागी धवलागिरि मावि मुना, बुद्धि विकास मावि मुदी, लमसुङ, हेम नमूना आवासीय मावि र ताकम माविका छ-छ जना विद्यार्थीले जनप्रतिनिधि र सरोकारवालालाई गाउँपालिकामा बालअधिकारसम्बन्धी कार्यक्रम, बालविवाह न्यूनीकरण, विपन्न विद्यार्थीको शिक्षामा पहुँच, शैक्षिक गुणस्तरलगायतका विषयमा जिज्ञासा राखेका थिए ।

गाउँपालिकाका उपाध्यक्ष पुन, सामाजिक विकास समितिका संयोजक रोका, प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्मा, स्वास्थ्य शाखा प्रमुख सम्झना खाती, शिक्षा शाखा प्रमुख ख्यामराज सुवेदी, महिला बालबालिका शाखाका पुष्पा दवाडी, ताकम प्रहरी चौकीका प्रमुख विक्रम तिवारीले जिज्ञासाको जवाफ दिएका थिए । गुड नेवर्स इन्टरनेसनलको आर्थिक तथा प्राविधिक सहयोगमा संगम म्याग्दीद्वारा सञ्चालित एकीकृत विकास परियोजनाको आयोजनामा भएको कार्यक्रममा रामबहादुर रावतले बालअधिकारको अवस्था, चुनौती र आवश्यकताका विषयमा सहजीकरण गरेका थिए ।

गुड नेवर्स इन्टरनेसनलको पर्वत कलस्टरका संयोजक रञ्जीतकुमार चौधरीले परियोजनाका बारेमा प्रकाश पार्दै स्वागत गरेका थिए । संगम म्याग्दीले सन् २०१३ देखि धवलागिरि गाउँपालिकामा एकीकृत विकास परियोजना सञ्चालन गर्दै आएका परियोजनाका जीविकोपार्जन अधिकृत अनुषा लामिछानेले बताइन् । संगमले गर्ल्स फस्ट फण्डको सहयोगमा धवलागिरि गाउँपालिकामा बालविवाह न्यूनीकरणसम्बन्धी छुट्टै अर्को कार्यक्रम पनि सञ्चालन गरेको छ । *रासस*

# पालिकाबाट राष्ट्रिय परिचयपत्र वितरण हुँदा सेवाग्राहीलाई सहज

**दमौली (तनहुँ)–** यहाँका पालिकाबाट चालु आर्थिक वर्षको तीन महिनामा पाँच हजार ३४० राष्ट्रिय परिचयपत्र वितरण गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयले यस अवधिमा १० हजार ५३६ राष्ट्रिय परिचयपत्र १० पालिकामा पठाएको प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले जानकारी दिए । अघिल्लो आव २०८१/८२ मा ६४ हजार ६८१ राष्ट्रिय परिचयपत्र पठाइएकामा १३ हजार ५५० वितरण भएका थिए ।

चालु आवको तीन महिनामा व्यास नगरपालिकाबाट एक हजार २६५, भानु नगरपालिकाबाट एक हजार ८५१ मध्ये एक हजार ७२३, भिमाद नगरपालिकाबाट ३२५ मध्ये २८, शुक्लागण्डकी नगरपालिकाबाट पाँच हजार २०० मध्ये ३४८, ऋषिङ गाउँपालिकाबाट एक हजार ६६६ मध्ये १५१, म्याग्दे गाउँपालिकाबाट २६६, बन्दीपुर गाउँपालिकाबाट ६७९, घिरिङ गाउँपालिकाबाट १९७, आँबुखैरेनी गाउँपालिकाबाट १७६, देवघाट गाउँपालिकाबाट ५०७ परिचयपत्र वितरण गरिएको छ ।

तीन महिनामा प्रशासन कार्यालयमा दुई हजार ६५९ महिला र दुई हजार ७२९ पुरुष गरी पाँच हजार ३८८ जनाको राष्ट्रिय परिचयपत्र विवरण संकलन भएको प्रजिअ अधिकारीले जानकारी दिए । सम्बन्धित स्थानीय तहबाट वितरण गर्दा सहज हुने भएकाले पालिकामा पठाएर राष्ट्रिय परिचयपत्र वितरण गरिएको प्रजिअ अधिकारीको भनाइ छ । उनले भने, 'प्रशासन कार्यालयमा परिचयपत्र आउने तर सर्वसाधारण लिन नआउँदा थन्किएर बस्ने समस्या भयो । सोहीबमोजिम स्थानीय तहसँग समन्वय गरेर पालिकाबाटै वितरण थालेका हौं ।' *रासस*


## म्याग्दी हाइड्रोपावर लिमिटेड

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

*(दोस्रो पटक प्रकाशित मिति २०८२/०९/०१)*

**शेयरधनी महानुभावहरू,**

मिति २०८२/०८/२४ गते बुधबार बिहान ११:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको आ.व. २०८१/०८२ को वार्षिक साधारण सभा र सञ्चालक निर्वाचन निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल गरी गर्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन कम्पनी ऐन, २०६३ को दफा ६७ को २ को प्रयोजनको लागि सबै शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान**

**मिति :** २०८२/०९/२१ गते, सोमबार अर्थात जनवरी ५, २०२६ ।
**समय :** ११:०० बजे, बिहान ।
**स्थान :** महाराजा रिसोर्ट, बुटवल उप म.न.पा.११ कालिकानगर, रूपन्देही ।

**छलफलका विषयहरू:**

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन र वार्षिक वित्तीय विवरण (वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोको अनुसूची) पारित गर्ने सम्बन्धमा ।
३. आ.व.२०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्न कम्पनी ऐन, २०६३ को दफा १६५ को (घ) बमोजिम लेखापरीक्षण समितिबाट प्राप्त सिफारिस बमोजिम सोही ऐनको दफा १११ बमोजिम नियुक्ति गरी निजको पारीश्रमिक तोक्ने सम्बन्धमा ।
४. सञ्चालक समिति गठन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव**

१. एक महिला सहित ७ जना सञ्चालक निर्वाचन गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Mass Holdings Pvt. Ltd.** कम्पनीले India बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. न. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DISPLAY CABINET BASE+2-1200MM | 1200X660X1200 MM | STELLAR | DC 1200B2 | 1200 LTR | INDIA | PCS | 210000.00 | 210000.00 |
| 2 | 4 DOOR UPRIGHT CHILLER | 1360X860X2000 MM | STELLAR | UC 1350HD | 1350 LTR | INDIA | PCS | 280000.00 | 280000.00 |
| 3 | 4 DOOR UPRIGHT FREEZER | 1360X860X2000 MM | STELLAR | UF 1350HD | 1350 LTR | INDIA | PCS | 300000.00 | 300000.00 |
| 4 | COUNTER FREEZER WITH 2 GN SIZE DOORS | 1200X700X850 MM | STELLAR | SG CF 2 700 | 290 LTR | INDIA | PCS | 192000.00 | 192000.00 |
| 5 | COUNTER CHILLER WITH 3 GN SIZE DOORS | 1690X700X850 MM | STELLAR | SG CC 3 700 | 435 LTR | INDIA | PCS | 194400.00 | 194400.00 |
| 6 | COUNTER FREEZER WITH 3 GN SIZE DOORS | 1690X700X850 MM | STELLAR | SG CF 3 700 | 435 LTR | INDIA | PCS | 252000.00 | 252000.00 |
| 7 | ICE CUBE MACHINE DICE SHAPE 55 KG BIN AND BOTTLE INSERT | 500X590X850 MM | STELLAR | IC-60 BW | 55 KG | INDIA | PCS | 136000.00 | 136000.00 |
| 8 | WALK IN CHILLER | 2658X1700X2400 MM | STELLAR | | | INDIA | PCS | 860000.00 | 860000.00 |
| 9 | WALK IN FREEZER | 2614X1800X1800 MM | STELLAR | | | INDIA | PCS | 990000.00 | 990000.00 |
| 10 | S.S MOBILE TANDOOR | 28X30X34+6 | STELLAR | | | INDIA | PCS | 110000.00 | 110000.00 |
| 11 | DROP IN FROST (COLD PAN) | 1070X400X300 MM | STELLAR | | | INDIA | PCS | 159000.00 | 159000.00 |
| 12 | REFRIGERATED JWELLERY CASE WITH UNDERCOUNTER CHILLER | 1600X700X11500 MM | STELLAR | SG JC 1800 | | INDIA | PCS | 570000.00 | 570000.00 |
| 13 | JWELLERY DISPLAY(AMBINET) | 1600X700X11500 MM | STELLAR | | | INDIA | PCS | 425000.00 | 425000.00 |
| 14 | 6 TRAY BLAST FREEXER 30KG CHILLING/20KG FREEZING | 800X850X1400 MM | STELLAR | SG BC 30 | | INDIA | PCS | 463000.00 | 463000.00 |
| **विक्रेताको फर्मको नाम** : Mass Holdings Pvt. Ltd. | | | | | | **स्थायी लेखा नम्बर** : 606560816 | | | |
| **ठेगाना** : Dhumbarahi, Kathmandu | | | | | | **फोन नं** : 9802305411 | | | |



## मङ्गलसैन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**मङ्गलसैन, अछाम**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**ठेक्का संशोधन सम्बन्धी सूचना**

**प्रकाशित मिति: २०८२/०८/२९**

प्रस्तुत विषय सम्बन्धमा यस कार्यालयको मिति २०८२/०८/०७ गते प्रकाशित सूचना बमोजिम तपसिल बमोजिमको ठेक्कामा केहि संशोधन गर्नुपर्ने भएकोले देहाय बमोजिमको संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का विवरण | संशोधन गरिएको बिषय | कैफियत |
|---|---|---|---|
| १ | Construction of Redcross dekhi Nagarpalika Kendra Jodne Kalopatre Sadak Mangalsen-5, Achham (MM/ACH/NCB/W-01/2082-083) | 1. Bid Capacity<br>2. Minimun work experience in similar size and nature.<br>3. Construction experience in key activities etc. | |

विस्तृत जानकारीका लागि PPMO ko website www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक




### अर्जुन रामपालले गरे इन्गेजमेन्ट

धुरन्धर फिल्मका कारण चर्चामा रहेका अभिनेता अर्जुन रामपालले प्रेमिका गेब्रिएला डेमेट्रिएससँग गोप्य रूपमा इन्गेजमेन्ट गरेको खुलासा गरेका छन् । अभिनेताले स्वयं यो कुराको खुलासा गरेका हुन् । साथै, उनकी प्रेमिका गेब्रिएलाले उनीहरु चाँडै विवाह गर्न सक्ने बताएकी छन् । हालै अर्जुन रामपाल प्रेमिका गेब्रिएलासँग रिया चक्रवर्तीको पोडकास्टमा पुगेका थिए । यस क्रममा दुवैले आफ्नो सम्बन्धबारे कुरा गरे । कुराकानीका क्रममा गेब्रिएलाले भनिन्, 'हामी अहिले विवाहित छैनौँ, तर हामी चाँडै विवाह गर्न सक्छौँ ।'



मंगलबार, ०१ पुस २०८२ (Tuesday, 16 December 2025)

**नेपाल मानवअधिकार चलचित्र महोत्सव**

# 'रिहाना'लाई नेपाली पानारोमा अवार्ड



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सुरज पौडेल निर्देशित 'रिहाना'ले १३औं संस्करणको नेपाल मानवअधिकार चलचित्र महोत्सवअन्तर्गत नेपाली पानारोमा अवार्ड जितेको छ ।

ग्रामीण परिवेशमा सुटिङ गरिएको यस फिल्ममा १३ वर्षीया बालिकाको कथा देखाइएको छ । यस वर्ष 'बाल अधिकार' लाई मुख्य थिम बनाएर महोत्सव आयोजना गरिएको थियो ।

महोत्सवअन्तर्गत उत्कृष्ट डकुमेन्ट्री सर्ट 'एल मिना', उत्कृष्ट फिक्सन सर्ट 'डन्ट बी लेट माइरा' र उत्कृष्ट फिचर 'लाप्टिन'ले जितेका छन् । त्यस्तै अनुस्का अर्याल र कामनाले उत्कृष्ट नेपाली महिला निर्देशकको अवार्ड जितेका छन् । नानी सारा वाकरले जुरी मेन्सन अवार्ड जितेकी छन् ।

मंसिर २५ देखि काठमाडौँमा सुरु भएको यस महोत्सवका दौरान २६ दशका ५० भन्दा धेरै फिल्म देखाइएको आयोजक नेपाल मानव अधिकार चलचित्र केन्द्रका अध्यक्ष पाण्डव खत्रीले जानकारी दिए । नेपाल चलचित्र विकास बोर्ड र नेपाल पर्यटन बोर्डका हलहरूमा चलचित्र देखाइएको थियो ।

महोत्सवका दौरान विश्वभरका फिल्म निर्देशक, निर्माता, कलाकार तथा मानवअधिकारकर्मीहरू उपस्थित भएका थिए ।

कान्स, बर्लिनाले, बुसानलगायत विश्वचर्चित महोत्सवहरूमा प्रदर्शन गरिएका चलचित्रहरू यस महोत्सवमा पनि देखाइएको थियो । बज्जिका भाषाको पहिलो फिचर फिल्म 'अजुर', कान्समा पाल्मे डि ओर (लघु चलचित्र) विजेता 'आइए एम ग्ल्याड यु आर डेड नाउ'लगायत फिल्महरू महोत्सवका दौरान प्रदर्शन गरिएको केन्द्रका महासचिव आभास रिजालले जानकारी दिए ।

# 'इन्टरनेसनल नेपाली फिल्म फेस्टिभल एन्ड अवार्ड' भारतमा हुने

■ **प्रभाव संवाददाता**

INTERNATIONAL
NEPALI FILM
FESTIVAL & AWARDS (INFFA)
AN INDO-NEPAL CULTURAL EXCHANGE PROGRAM

**काठमाडौं–** नेपाली चलचित्रको अन्तर्राष्ट्रिय प्रवर्द्धन र सम्मान गर्ने उद्देश्यले भारतको नयाँ दिल्लीमा नेपाल फिल्म फेष्टिभल आयोजना हुने भएको छ । 'इन्टरनेसनल नेपाली फिल्म फेस्टिभल एन्ड अवार्ड' (आइएनएफएफए) नाम दिइएको फेस्टिभल १ देखि ३ फेब्रुअरी सन् २०२६ मा आयोजना हुन लागेको हो ।

आयोजक इन्टरनेसनल नेपाली फिल्म फेस्टिभल एन्ड अवार्डले एक विज्ञप्ति जारी गर्दै अवार्डको जानकारी दिएको हो । महोत्सवको मुख्य उद्देश्य अन्तर्राष्ट्रिय दर्शकमाझ नेपाली चलचित्रको प्रवर्द्धन गर्नुका साथै सिर्जनात्मक र व्यावसायिक विस्तारका लागि साझा मञ्च सिर्जना गर्नु हो । प्रतियोगिताका लागि सन् २०२५ मा प्रदर्शन भएका नेपाली फिचर फिल्महरू आह्वान गरिएको छ । फिल्म बुझाउने अन्तिम मिति २०२६ जनवरी ७ तोकिएको छ ।

महोत्सव अन्तर्गत उत्कृष्ट फिचर फिल्म, निर्देशन, अभिनय तथा विभिन्न प्राविधिक विधामा अवार्ड प्रदान गरिनेछ । साथै रेड कार्पेट अवार्ड समारोह, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्रकर्मी र समीक्षकहरूको सहभागिता, प्रिमियर शो, विशेष प्रदर्शन तथा सांस्कृतिक प्रस्तुतिहरू हुनेछ ।

फेष्टिभलको निर्णायक मण्डलको प्रमुख जुरीका रूपमा अभिनेता कृष्ण मल्ल र जुरी सदस्यहरूमा निर्देशक तुलसी घिमिरे, अभिनेता सुनिल थापा, अभिनेत्री बिपना थापा तथा भारतका चर्चित थिएटर अभिनेता अभतार साहनी रहेका छन् ।

आयोजक संस्थाका अध्यक्ष राजेन्द्र घिमिरे हुन् भने महोत्सव निर्देशक चलचित्र निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुली रहेका छन् । महोत्सवमा हजारौं दर्शक र चलचित्रकर्मी सहभागी हुने अपेक्षा गरिएको छ ।

# र्‍यापर आश्मानसँग विन्दुको 'च्वाप्प मोइ'

**काठमाडौं (प्रस)–** गायिका विन्दु परियार तथा गायक एवं र्‍यापर आश्मान केसीको नयाँ गीत 'च्वाप्प मोइ' सार्वजनिक गरिएको छ । काठमाडौँमा एक कार्यक्रमको आयोजना गर्दै सार्वजनिक गरिएको गीतमा आश्मानले नै शब्द र सङ्गीत दिएका छन् । गीतको म्युजिक भिडिओमा समेत विन्दु र आश्मान नै फिचर्ड छन् । भिडिओ सार्वजनिक गर्न आयोजना गरिएको कार्यक्रममा उपस्थित सम्पूर्णले विन्दु र आश्मानको जुगल्बन्दीको प्रशंसा गरे ।

गायिका विन्दुले आफ्नो गीतमा देखिने सपना यसपटक पुरा भएको बताइन । उनले भनिन्, 'आफ्नो गीतमा नाचौं-नाचौं लागेको थियो । यसपटक त्यो सपना पुरा भयो । यसपटक नाच्ने शैलीको गीत तयार गरेको छु । आश्मानजीसँगको कोल्याबले पृथकता दिएको महसुस भएको छ । गीत सबै वर्गलाई हुने किसिमले तयार गर्ने कोसिस गरेका छौं ।'

उनले गीतमा पहिलोपटक मोडलिङ गरेको बताउदै नयाँ अनुभव सङ्गालेको बताइन । उक्त कार्यक्रममा उपस्थितले विन्दुको स्वरको प्रशंसा गर्दै आश्मानसँगको सहकार्य राम्रो देखिएको प्रतिक्रिया दिए । गीतकार राजेन्द्र थापाले विन्दुको स्वर अन्य भन्दा पृथक रहेको बताउदै नयाँ सहकार्यको प्रशंसा गरे ।

उनले भने,'विन्दुलाई मैले सुरुआती दिन देखि नै पृथक आवाजका कारण नोटिस गरेको हुँ । उनी विभिन्न किसिमका गीतमार्फत आफ्नो क्षमता देखाउने गर्छिन् । यसपटक आधुनिक आवाजमा र्‍याप आएको छ, यसले नयाँ सम्भावनालाई दर्शाउएको छ ।'

उनले गीतको भिडिओको समेत तारिफ गरे । र्‍यापर हाकिमले सङगीतकै भिन्न दुई विधामा चम्किरहेका ताराहरूको सहकार्यले नयाँपन दिने विश्वास व्यक्त गरे । 'विन्दु जी आधुनिकसँगै पार्श्वगायनमा सुनिनु भएको आवाज हो, आश्मानजीले र्‍याप सङ्गीतमा आफ्नो सम्भावना देखाउनुभएको छ । उहाँ दुईको जुगल्बन्दीले दर्शकलाई नयाँपन दिने देखेर नै यो सहकार्य भएको छ । दुवै विधालाई रुचाउने दर्शक एक ठाउँमा ल्याउने हाम्रो प्रयाश पनि हो', र्‍यापर हाकिमले भने ।

गीत 'च्वाप्प मोइ' लाई गायिका विन्दुकै विन्दु परियार नामक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ । उक्त गीतलाई डाइनामिक स्टुडियोमा तयार गरिएको हो भने विमल छिनालले एरेन्ज गरेका हुन् । गीतको भिडिओमा मेघनाथ चौधरीको छायाङ्कन, विमला तामाङको शृंगार, मिलन विश्वकर्माको कलर, जीएफएक्स र सम्पादन, रोशन विश्वकर्माको कोरियोग्राफी रहेको छ भने र्‍यापर आश्मानले निर्देशन गरेका हुन् ।

# आ बाट आमा'को 'सृष्टिकै पहिलो नाम' रिलिज

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चन्द्र पन्त निर्देशित फिल्म 'आ बाट आमा'को 'सृष्टिकै पहिलो नाम'रिलिज भएको छ । काठमाडौंमा पत्रकार सम्मेलन गर्दै गीत रिलिज गरिएको हो ।

गीतको भिडियोमा विपना थापा, पल शाह, प्रदीप रावत, सिम्रन पन्त, उषा उप्रेती, साइग्रेस पोखरेल, गजित बिष्ट लगायतलाई देख्न सकिन्छ । परदेशिएको छोराको विलौला र आमाको मायालाई गीतको भिडियोमा दर्शाइएको छ । यस मार्मिक गीतमा शब्द रचना तथा संगीत बाबुल गिरीको छ भने गायन रबी ओडको छ ।

गीतको भाव अनुसार नै भिडियो निर्माण निर्माण पक्षले गरेको देखिन्छ । जहाँ सन्तानप्रतिको माया ममता तथा स्नेहको कथालाई फिल्मले बोल्ने प्रष्ट छ । गीत रिलिज कार्यक्रममा फिल्मका निर्देशक चन्द्र पन्तले आफ्नो ड्रिम प्रोजेक्ट रहेको बताए ।

'यो मेरो ड्रिम प्रोजेक्ट हो', उनले गीत रिलिज कार्यक्रममा भने,'जुन हामीले धेरै सफलताका साथ सम्पादन गरेका छौँ । आज यो टाइटल सङ आबाट आमा जुन मैले सुटिङ गर्नुभन्दा पहिलेदेखि नै मेरो ड्रिम प्रोजेक्ट हो भन्थेँ । सोही गीत आज हामीले रिलिज गर्यौं । आशा गर्छौं,यो गीत सबैले मन पराइदिनु हुनेछ ।'

निर्देशक पन्तकै कथा तथा पटकथा रहेको यस फिल्ममा विपना थापा, पल शाह, प्रदीप रावत, उषा उप्रेती, सिम्रन पन्त, साइग्रेस पोखरेल, गजित बिष्ट, बेगम नेपाली लगायतले मुख्य भुमिकामा अभिनय गरेका छन् ।

आर्या इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको यो फिल्मको डिओपीमा नवराज उप्रेती रहेका छन् । फिल्मको संगीतमा कोशिस क्षेत्री, बाबुल गिरी, थानेश्वर गौतम रहेका छन् । फिल्मका गीतको कोरियोग्राफी गंभिर बिष्ट र दिलिप ओखेडाको रहेको छ ।

अभिमन्यू निरवीले लेखेको यो फिल्मको संवादमा अमर न्यौपाने, अभिमन्यू निरवी र चन्द्र पन्तले सहकार्य गरेका छन् भने लगानी कृष्ण प्रसाद सुवेदी, ओमकार पन्त, प्रकाश जंग कुँवर, ध्रुव प्रसाद न्यौपाने र क्षितिज ढुंगानाले गरेका छन् । यस फिल्मको कार्यकारी निर्माता करण सिंह रसाली रहेका छन् । फिल्मलाई नवराज उप्रेतीले छायाङ्कन गरेका छन् । फिल्मको ट्रेलर टिजर साहिल खानले काटेका छन् ।

यसअघि यो फिल्मको टिजर तथा फिल्मका पोस्टरले दर्शकमाझ फिल्मप्रति कौतुहल्ता जगाइसकेको छ । नेपालमा फिल्मको प्रदर्शन अधिकार आरआर फिल्म्सले गर्दैछ भने यो फिल्मको डिजिटल अधिकार ओएसआर डिजिटलले लिएको छ । फिल्म आगामी माघ १६ गतेबाट अल नेपाल रिलिज हुँदैछ ।



**यू-१९ एसिया कप**

# बंगलादेशसँग पराजित भएसँगै नेपालको सेमिफाइनल सम्भावना न्यून

■ **प्रभाव संवाददाता**



**काठमाडौं –** एसिसी यु-१९ एसिया कप क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबारको खेलमा नेपाल बंगलादेशसँग पराजित भएको छ । बंगलादेशले नेपाललाई सात विकेटले हराएको हो ।

युनाइटेड अरब इमिरेट्स (युएई) को दुबईस्थित द सेभेन्स रङ्शालामा बंगलादेशले टस जितेर पहिला फिल्डिङ रोजेको हो । नेपालले ब्याटिङ गर्ने क्रममा निर्धारित ५० ओभरको खेलमा ३१ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै एक सय ३० रन बनायो । एक सय ३१ रनको विजयी लक्ष्य बंगलादेशले २४ दशमलव ५ ओभरमा तीन विकेट गुमाउँदै पूरा गर्‍यो । बंगलादेशका लागि जावाद अब्रारले ६८ बलमा सात चौका र तीन छक्काको मद्दतमा अविजित ७० रन बनाए । यस्तै कलाम सिद्दिकीले ६६ बलमा ३४ रन बनाए ।

बलिङतर्फ नेपालका लागि अभिशेख तिवारी र युवराज खत्रीले समान एक एक विकेट लिए । त्यसअघि नेपालले ब्याटिङ गर्ने क्रममा निर्धारित ५० ओभरको खेलमा ३१ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै एक सय ३० रन बनायो । नेपालका लागि अभिषेक तिवारीले सर्वाधिक ३० रन बनाए । त्यस्तै आशिष लुहारले २३ तथा साहिल पटेलले १८ रनको योगदान दिए ।

बलिङतर्फ बंगलादेशका लागि एमडी सोबुजले तीन तथा साद इस्लाम, अजिजुल हाकिम र शाह्रियर अहमदले दुई दुई विकेट लिए । नेपाल यसअघि आफ्नो पहिलो खेलमा यही मङ्सिर २७ गते टेष्ट राष्ट्र श्रीलंकासँग आठ विकेटले पराजित भएको थियो । लगातार दोस्रो हार ब्यहोरेसँगै नेपाल सेमिफाइनलमा पुग्ने सम्भावना ज्यादै न्यून रहेको छ ।

# भ्याली पब्लिक, टिआइए र गोल्डेनपिक च्याम्पियन

**काठमाडौं (प्रस)–** आयोजक भ्याली पब्लिक, टिआइए र गोल्डेनपिकले १९ औं भ्याली पब्लिक कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि सोमबार जितेका छन् । भ्याली पब्लिक सिनियर गर्ल्स, टिआइए सिनियर ब्वाइज र गोल्डेनपिक जुनियर ब्वाइजमा च्याम्पियन बने ।

भंगालस्थित घरेलु कोर्टमा भएको सिनियर गर्ल्सको उपाधि भिडन्तमा भ्याली पब्लिकले न्युटनलाई ५२-२७ ले पराजित गर्‍यो । भ्याली पब्लिककी लोरिशा गौचनले उत्कृष्ट प्रदर्शन गर्दै ३० अंक जोडिन् । केभीकेएसएस तेश्रो भयो ।

सिनियर ब्वाइजको फाइनलमा टिआइएले न्युटनलाई ४९-३९ ले हरायो । टिआइएका रोशन नगरकोटीले १७ स्कोर गरे । हेम्स तेस्रो बन्यो ।

जुनियर ब्वाइजको फाइनलमा गोल्डेनपिकले एन्जल्स हार्टलाई २९-२७ को साँघुरोअन्तरले पाखा लगायो । गोल्डेनपिकका अग्रज राईले १६ अंक जोडे । लालीगुराँस नेसनल एकेडेमी तेश्रो स्थानमा रह्यो । तीनै विधामा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः २० हजार, १० हजार र ५ हजार नगद पुरस्कार प्राप्त गरे ।


## कटहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**कटहरी, मोरङ**
**कोशी प्रदेश, मोरङ**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०८२/०९/०१)**

यस गाँउपालिकाबाट तपशिल बमोजिमको योजना खरिद ठेक्का प्रकृयाबाट संचालनको लागि E-Bidding मार्फत बोलपत्र माग गरिए अनुसार पेश हुन आएका तपशिल बमोजिमको बोलपत्रदाताले पेश गरेका बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबै बोलपत्रपत्रदाताहरूको जानकारीको लागि आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नम्बर | योजनाको नाम | छनौट भएको बोलपत्र | कबोल अंक रू. (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | ठेक्का नं. KRM/ NCB/W/ 07/082/083 | आर.सि.सि ढलान कार्य, कटहरी ५, ६ र ७ | श्री इन्भाइरोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. नयाँवानेश्वर, काठमान्डौ | ४८,१३,९१०.३८ |
| २. | ठेक्का नं. KRM/ NCB/ W/08/082/083 | महेशपुर चौकदेखि विराटनगर-१९ जोड्ने सडक, वडा नं. १ प्रगतिटो सडक स्तरोन्नती र विजय राजवंशीको घरदेखि जयरामको घरसम्म सडक कालोपत्रे, कटहरी-१ र ३ | श्री शिवसकुन्ति कन्स्ट्रक्सन प्रा.लि, इनरूवा-२ सुनसरी | ४५,८५,१३१.२७ |

**प्रमुख प्रशासकीय अधिकृत**


# झापा गोल्डकप माघ अन्तिम साता

**बिर्तामोड (प्रस)–** झापा गोल्डकपको सातौं संस्करण माघ अन्तिम साता हुने भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा)ले प्रकाशित गरेको पछिल्लो तालिकाअनुसार झापा गोल्डकप माघ २४ गतेदेखि हुने भएको हो ।

हालै दिवंगत भएका गोल्डकपका निवर्तमान अध्यक्ष विनोद बस्नेतको स्मृतिमा आयोजना गर्न लागिएको प्रतियोगिता बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा हुनेछ । प्रतियोगिताको फाइनल खेल फागुन ४ गते हुनेछ ।

प्रतियोगितामा तीन विभागीय टोली, दुई विदेशी, झापा ११ एफसी र 'ए' डिभिजन टिमसहित १० टोलीले भाग लिने गोल्डकपका अध्यक्ष केदार गिरीले जानकारी दिए ।

प्रतियोगिताको विजेताले नगद १५ लाख तथा उपविजेताले ८ लाख रूपैयाँ पुरस्कार पाउने छन् । प्रतियोगिता सम्पन्न गर्न करिब १ करोड ५० लाख रूपैयाँ खर्च अनुमान गरिएको कोषाध्यक्ष चन्द्र कट्टेलले जानकारी दिए ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी (प्लेयर अफ द टुर्नामेन्ट) लाई एकथान मोटरसाइकल, उत्कृष्ट गोलकिपर, उच्च गोलकर्ता, उदीयमान खेलाडी र प्रशिक्षकलाई २५/२५ हजार तथा प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई नगद ११ हजार रूपैयाँ दिइनेछ ।



रोमानियाको बुखारेस्टस्थित ग्रामीण संग्रहालयमा परम्परा र रीतिरिवाजहरूको 'सेतो फूल' महोत्सवको क्रममा आयोजित परेडमा भाग लिँदै परम्परागत नृत्य समूहका नकाबधारी सदस्यहरू । *तस्बिर: सिन्ह्वा*

अस्ट्रेलियाको बोण्डी गोलीकाण्ड

# १६ जनाको मृत्यु, ४० घाइते

**सिड्नी (अस्ट्रेलिया)–** अस्ट्रेलियाको बोण्डी समुन्द्र तटमा 'हनुक्का' (यहुदीहरूको पर्व) मनाउँदै गरेका यहुदी समुदायलाई लक्षित गरी भएको गोली हानाहानमा १६ जनाको मृत्यु हुनुको साथै कम्तीमा ४० जना घाइतेहरू अस्पतालमा भर्ना भएको न्यू साउथ वेल्स (एनएसडब्ल्यू) प्रहरीले सोमबार पुष्टि गरेको छ ।

सामाजिक सञ्जाल एक्समा पोस्टमा गर्दै एनएसडब्ल्यू प्रहरीले बोण्डीमा आइतबार भएको गोली हानाहानको पुष्टि गर्दै थप जानकारी चाँडै उपलब्ध गराइने बताएको छ । सिएनएनका अनुसार यहुदी समुदायका प्रतिनिधिले ज्यान गुमाउनेहरूमा बालबालिकाहरूसमेत रहेको पुष्टि गरेका छन् ।

अधिकारीहरूले घटनापछि बोण्डी समुद्र तट वरपरको क्षेत्र सिल गरी अनुसन्धान जारी राखेको तथा हवाई गतिविधिमा प्रतिबन्ध लगाइएको बताएका छन् । अनुसन्धानकर्ताहरूले घटनास्थलमा अनुसन्धान गरिरहँदा बोण्डी समुद्र तट र बोण्डी क्षेत्रका वरपरका सडकहरू बन्द हुने र ड्रोनसहितका विमानहरूलाई अपराध स्थलमाथि उड्न निषेध गरिएको प्रहरीले जनाएको छ ।

हनुक्का मनाउन सयौं मानिसहरू भेला भएको अवस्थामा यहुदी समुदायलाई लक्षित गरिएको यो आक्रमणलाई आधिकारिकरूपमा आतंकवादी आक्रमण घोषणा गरिएको जनाइएको छ ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बनिजले सामूहिक गोलीबारीपछि राष्ट्रका नाममा सम्बोधन गर्दै घटनाको निन्दा गरेका छन् । उनले उक्त घटनालाई 'विनासकारी आतंकवादी आक्रमणको रूपमा वर्णन गर्दै अस्ट्रेलियाको यहुदी समुदायसँग एकता व्यक्त गरेका छन् ।

उनले घटना हनुक्का मनाइरहेका यहुदी अस्ट्रेलियालीहरू लक्षित रहेको बताउँदै आनन्दका साथ उत्सव, मनाइरहेका यहुदी विरोध, आतंकवाद भन्दै घटना हृदयविदारक भएको बताएका छन् ।

न्यु साउथ वेल्सका प्रहरी आयुक्त माल लान्योनकाअनुसार अस्ट्रेलियाको बोण्डी समुन्द्र तटमा भएको घातक गोली काण्डमा संलग्न दुई संदिग्ध बाबु र छोरा छन् । पत्रकार सम्मेलनमा बोल्दै लान्यानोनले ५० वर्षीय बुबालाई प्रहरीले घटनास्थलमै गोली हानेर हत्या गरेको र २४ वर्षीय छोरालाई घाइते अवस्थामा अस्पतालमा भर्ना गरिएको र अवस्था गम्भीर रहेको बताएका छन् ।

नजिकैको गाडीमा फेला परेका विष्फोटक उपकरणहरू अधिकारीहरूद्वारा सुरक्षितरूपमा हटाइएको पनि अधिकारीहरूले पुष्टि गरेका छन् । *रासस/एएनआई*




## 'धार्मिक सहिष्णुता र शान्ति संरक्षणमा अन्तर्राष्ट्रिय एकता आवश्यक'

**संयुक्त राष्ट्र–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले अस्ट्रेलियाको सिड्नीमा हनुक्का पर्वको अवसरमा भएको आतंकवादी घटनाप्रति गहिरो चिन्ता व्यक्त गरेका छन् । उनका उपप्रवक्ता फरहान हकका अनुसार महासचिवले पीडित परिवारप्रति सहानुभूति व्यक्त गर्दै घाइतेहरूको छिटो र पूर्ण स्वास्थ्यलाभको कामना गरे ।

महासचिवले यो कठिन समयमा अस्ट्रेलियाका जनता र सरकारसँग आफ्नो समर्थन र एकजुटता प्रकट गरे, र देश तथा विश्वभरका यहुदी समुदायप्रति सहानुभूति व्यक्त गरेका छन् । उनले यसप्रकारका हिंसात्मक घटनाले समुदायको शान्ति, मेलमिलाप र सहअस्तित्वका मूल्यहरूमा असर पुर्‍याउने चेतावनी पनि दिएका छन् ।

साथै, महासचिवले सबै प्रकारका यहुदीविरोधी हिंसाको कडाइका साथ निन्दा गरेका छन् । धार्मिक समुदाय र शान्तिपूर्ण पर्वहरूमाथि कुनै पनि हमला सहिष्णुता, मानवअधिकार र मानवीय गरिमामा प्रतिकूल असर पुर्‍याउने काम हो भन्ने कुरा उनले औंल्याएका छन् ।

महासचिवको यस अभिव्यक्तिले अन्तर ाष्ट्रिय समुदायलाई धार्मिक सहिष्णुता, मानवअधिकार र शान्तिपूर्ण पर्वहरूको सम्मान सुनिश्चित गर्न सकारात्मक र संयमपूर्ण कदम चाल्न प्रेरित गर्दछ । उनले सबै पक्षलाई संयम, सहिष्णुता र साझा मानवीय मूल्यहरूको संरक्षणमा ध्यान दिन अनुरोध गरे । *रासस/सिन्ह्वा*

# थाइल्याण्डमा आमचुनावको मिति फेब्रुअरी-८ लाई तय



**बैंकक–** थाइल्याण्डमा आगामी फेब्रुअरी-८ मा आमचुनावको मिति तय भएको थाइ निर्वाचन आयोगले सोमबार जनाएको छ । चुनावका लागि दलहरूले यस वर्षको अन्त्यअघि प्रधानमन्त्रीका लागि आफ्ना उम्मेदवारहरूको नाम सूचीकृत गर्नुपर्ने आयोगले जनाएको छ ।

निर्वाचन आयोगले निर्वाचन विवरणको मस्यौदा तयार पारी आयुक्तलाई प्रस्ताव गरेर सन् २०२६ फेब्रुअरी-८, आइतबार चुनाव गराउने सहमति जुटाएको आयोगले एक विज्ञप्तिमार्फत जनाएको छ । चुनावका लागि अग्रिम मतदान फेब्रुअरी १ मा हुने जनाइएको छ ।

रूढिवादी भूमजाइ थाई पार्टीका प्रधानमन्त्री अनुतीन चार्नविराकुलले सेप्टेम्बरमा आफ्नो पूर्ववर्तीलाई नैतिकता उल्लंघनका कारण हटाइएपछि पदभार ग्रहण गरेका थिए ।

उनले शुक्रबार संसद् विघटन गरी राष्ट्रिय चुनावका लागि मार्गप्रशस्त गरेका थिए । थाई कानुनअन्तर्गत विघटनपछि ४५ देखि ६० दिनको बीचमा चुनाव हुने व्यवस्था छ ।

यो कदम थाइल्याण्ड र कम्बोडियाबीचको दशकौं लामो सीमा विवादबाट उत्पन्न भएको द्वन्द्वको रूपमा आएको छ, यस महिना जारी सैन्य झडपमा कम्तीमा ३१ जनाको मृत्यु भएको छ भने करिब आठ लाख विस्थापित भएका छन् । *रासस/एएफपी*

## सामाजिक सञ्जालमा प्रभावशाली व्यक्तिको लोकप्रियतामा वृद्धि : *अध्ययन*

**ल्युब्ल्याना–** स्लोभेनियामा करिब एकतिहाइ नागरिकले सामाजिक सञ्जालमा सक्रिय प्रचारात्मक प्रभावशाली व्यक्तिहरूलाई नियमितरूपमा पछ्याउने गरेको पाइएको छ । ल्युब्ल्याना विश्वविद्यालयअन्तर्गत सामाजिक विज्ञान संकायको सामाजिक सूचना विज्ञान केन्द्रले आइतबार सार्वजनिक गरेको अध्ययनले यस तथ्यलाई उजागर गरेको हो ।

गत मे महिनामा एक हजार २६२ अन्तरजाल प्रयोगकर्तामाझ गरिएको सर्वेक्षणअनुसार अधिकांश उत्तरदातालाई वस्तु तथा सेवाको प्रचार गर्ने प्रभावशाली व्यक्तिहरूको जानकारी रहेको देखिएको छ । तीमध्ये ३१ प्रतिशतले यस्ता व्यक्तिलाई नियमितरूपमा पछ्याउने बताएका छन् ।

अध्ययनले तस्बिर तथा दृश्य सामग्रीमा आधारित सामाजिक सञ्जाल माध्यमहरू सबैभन्दा बढी लोकप्रिय रहेको उल्लेख गरेको छ । उत्तरदाताहरूले प्रभावशाली व्यक्तिलाई प्रायः विज्ञापन र प्रचारसँग सम्बन्धित रूपमा बुझ्ने गरेका छन् । यद्यपि, यस्ता व्यक्तिहरूले उपभोक्ताको खरिद निर्णयमा प्रभाव पार्न सक्ने भए पनि त्यसको प्रभाव व्यक्तिअनुसार फरक हुने अध्ययनले देखाएको छ ।

सर्वेक्षणअनुसार स्वदेशी प्रभावशाली व्यक्तिहरूको तुलनामा विदेशी प्रभावशाली व्यक्तिहरू बढी चर्चित रहेका छन् । यसैगरी, आभासी प्रभावशाली व्यक्तिप्रतिको चासो भने अत्यन्तै कम रहेको पाइएको छ, जसमा थोरै संख्याका सहभागीहरूले मात्र उनीहरूलाई पछ्याउने बताएका छन् । *रासस/सिन्ह्वा*

# कंगोबाट यस वर्ष झण्डै पाँच लाख मानिस विस्थापित

**किन्शासा–** प्रजातान्त्रिक गणतन्त्र कंगोको पूर्वी क्षेत्र, दक्षिण किभु प्रान्तमा दुई सातादेखिको तीव्र लडाइँका कारण पाँच लाखभन्दा बढी मानिस विस्थापित भएका छन् । तीमध्ये एक लाखभन्दा बढी बालबालिका रहेका छन् । यसबारे संयुक्त राष्ट्र बाल कोषले आइतबार जानकारी दिएको हो ।

संस्थाले दक्षिण किभुमा हिंसात्मक गतिविधि तीव्ररूपमा बढेकोप्रति गहिरो चिन्ता व्यक्त गर्दै बालबालिकाको सुरक्षा सुनिश्चित गर्न र अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न द्वन्द्वमा संलग्न सबै पक्षलाई आह्वान गरेको छ ।

हिंसाले अझ फैलिँदै गएपछि विस्थापितको संख्या बढ्ने सम्भावना रहेको बताइएको छ । डिसेम्बर २ यता भएको लडाइँका क्रममा कम्तीमा चार बालबालिकासहित सयौं मानिसको ज्यान गएको छ । छिमेकी बुरुण्डीमा पनि हिंसाबाट भागेका व्यक्तिहरूको संख्या तीव्ररूपमा बढेको छ । डिसेम्बर ६ देखि ११ सम्म ५० हजारभन्दा बढी नयाँ आगन्तुकहरू पहिचान भएका छन्, जसको करिब आधा बालबालिका रहेका छन् । शरणार्थीको पहिचान प्रक्रिया जारी रहेकाले यो संख्या अझ बढ्न सक्ने बताइएको छ ।

यसै साता मार्च २३ आन्दोलन नामक विद्रोही समूहले दक्षिण किभुको दोस्रो ठूलो सहर उभिरा नियन्त्रणमा लिएको घोषणा गरेको थियो । यसअघि प्रान्तीय राजधानी बुकाभु फेब्रुअरीमा विद्रोही समूहको नियन्त्रणमा परेपछि उभिरालाई अस्थायी प्रशासनिक केन्द्रका रूपमा प्रयोग गरिएको थियो । *रासस/सिन्ह्वा*

# एआई र डिजिटल प्रविधिले अपांगता भएका व्यक्तिलाई सशक्त बनाउँदै

**शेञ्जेन–** चीनको १२औं राष्ट्रिय अपांगता खेलकुद प्रतियोगिता र नवौं राष्ट्रिय विशेष ओलम्पिक खेलकुद प्रतियोगितामा प्रविधिले अपांगता भएका खेलाडी र सहभागीहरूका लागि अभूतपूर्व सहयोग पुर्‍याइरहेको छ । यी प्रतियोगिता हाल गुआंग्डोङ, हङकङ र माकाओमा आयोजना भइरहेका छन् ।

कूल सात हजार ८२४ खेलाडी ३४ टिमबाट सहभागी भएका छन् । मुख्य प्रतिस्पर्धा मंगलबारबाट सुरु भएको हो, र यो पहिलोपटक हो कि यी दुई प्रतियोगिता गुआंग्डोङ-हङकङ-माकाओ ग्रेटर बे क्षेत्रका तीनै क्षेत्रमा संयुक्तरूपमा आयोजना भएका हुन् ।

आयोजक समितिका अनुसार प्रतियोगिताको सबैभन्दा महत्त्वपूर्ण विशेषता प्रविधिको व्यापक प्रयोग हो । विभिन्न स्थलहरूमा इन्टरनेट अफ थिंस, कृत्रिम बुद्धिमत्ता (एआई) र डिजिटल ट्विन्सजस्ता अत्याधुनिक प्रविधिहरूको प्रयोग गरी पहुँचयोग्य र सहयोगी वातावरण निर्माण गरिएको छ ।

बेइजिङका स्वयंसेवक गोंग वेईले एक वर्षदेखि दूरसञ्चारमार्फत सांकेतिक भाषामा अनुवाद प्रदान गर्दै आएका छन् । प्रतियोगिता सुरु भएयता यस सेवामा माग उल्लेखनीयरूपमा बढेको छ । वीच्याटमार्फत प्रयोगकर्ताहरू केही सेकेण्डमै स्वयंसेवकसँग भिडियो कल गर्न सक्छन्, जसले भौगोलिक दूरीमात्र होइन, मनोवैज्ञानिक दूरी पनि घटाउने काम गर्छ ।

कार्यक्रमका विकासकर्ता शि चेंगचुआन, जो आफैं सुनाइमा अपांगता भएका व्यक्ति हुन्, ले सांकेतिक भाषा अनुवाद सफ्टवेयर र उपकरणहरू विकास गरेका छन्, जुन सरकारी कार्यालय, अस्पताल र विद्यालयहरूमा पनि प्रयोग भइरहेका छन् ।

गुआंग्जौका खेलकुद अधिकारी झेङ चिहाओका अनुसार विभिन्न स्थलहरूमा स्मार्ट र बाधारहित मोड्युलहरू जडान गरिएको छ । यसमा आपत्कालीन सहायता बटन, पहुँचयोग्य प्रश्न प्लेटफर्म, स्मार्ट सेवा स्तम्भ र अनलाइन सांकेतिक भाषा अनुवाद यन्त्रहरू समावेश छन्, जसले स्थलको केन्द्रीय नियन्त्रण प्रणालीसँग जडान भएर प्रयोगकर्ताको सुरक्षा र सुविधा सुनिश्चित गरेको छ ।

मुख्य मिडिया सेन्टरमा आयोजना गरिएको प्रविधि प्रदर्शनीमा एआई-समर्थित पहुँचयोग्य प्रणाली, रोबोट र उन्नत ह्विलचेयरहरू प्रदर्शन गरिएको थियो, जसले दर्शकहरूको ठूलो चासो आकर्षित गरेको थियो । निर्माता ल्यु यी'आनका अनुसार यी उपकरणहरूले उन्नत सन्तुलन नियन्त्रण एल्गोरिदम र भरपर्दो यान्त्रिक संरचनाका माध्यमबाट विभिन्न सतहमा स्थिरता र सुरक्षा सुनिश्चित गर्छन् ।

नयाँ परिचय गराइएको इलेक्ट्रोनिक डार्टबोर्डले ह्विलचेयर प्रयोगकर्ताहरूको सुविधा सुनिश्चित गर्न स्वतः उचाइ समायोजनको सुविधा दिएको छ । सानक्सी प्रान्तको अपांगता डार्ट टोलीका प्रशिक्षक लुओ बाओगाङले भने, 'डार्टबोर्डको स्वतः उचाइ समायोजनले यसलाई पारम्परिक मोडेलभन्दा धेरै सुरक्षित र भरपर्दो बनाएको छ, जसले खेलाडीहरूलाई बढी सहजता प्रदान गर्छ ।'

प्रतिस्पर्धा स्थलबाहेक, गाइड डग रोबोटहरूले दृष्टिहीन खेलाडीहरूलाई सहयोग गर्दै छन् भने डिजिटल ट्विन प्रविधिले स्थल सञ्चालनको वास्तविक समय निगरानी सम्भव बनाएको छ । यी आधुनिक उपकरणहरूले प्रयोगशालाबाट वास्तविक संसारमा प्रविधि लागू गर्ने अवसर पाएका छन् । *रासस/सिन्ह्वा*


**कटारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कटारी, उदयपुर**
**कोशी प्रदेश, नेपाल .**

**बोलपत्र स्वीकृत गर्न आशयको सूचना**

**प्रकाशित मिति :- २०८२/०९/०१**

यस कार्यालयद्वारा प्रकाशित मिति २०८२/०७/१६ गतेको सूचना अनुसार **Supply and Delivery of Medicines and Surgical items at Katari Municipality.** सम्बन्धी बोलपत्र आह्वान भएकोमा दर्ता हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेख भएको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभुत रूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सुचना प्रकाशित गरिएको छ ।

**छनोट भएको बोलपत्रदाताको विवरणः-**

| सि.नं. | बोलपत्र नं. | कार्यको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम रू. (भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | KMUN/NCB/ Goods/15/2082-083 | Supply and Delivery of Medicines and Surgical items at Katari Municipality. | Kebaleshwor Medisales Birendra chwok ,Kageshwari Manohara,Kathmandu. | 12,12,764.22 |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २६०७०० | प्रति तोला - ० | प्रति तोला - ३८७० |



**लटरम्मै सुन्तला** | म्याग्दीको बेनी-३ भकिम्ली राखुको बगैंचामा लटरम्म फलेको सुन्तला। राखुका ६५ परिवारले वार्षिक दुई करोड बराबरको सुन्तला बिक्री गर्छन्। *तस्बिर : सन्तोष गौतम/रासस*

## २५ हजारसम्म भारतीय नोट बोक्न पाइने

■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतीय रूपैयाँ २०० र ५०० दरका नोट २५ हजारसम्म ओसारपसार गर्न पाइने भएको छ।

सरकारले सन् २०१६ नोभेम्बर ९ देखि निष्काशनमा आएका ती दरका नोट नेपाली तथा भारतीय नागरिकले प्रतिव्यक्ति अधिकतम २५ हजारसम्म भारतबाट नेपाल भित्र्याउन र नेपालबाट भारत लैजान पाउने व्यवस्था गरेको हो। सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको जानकारी दिए। यसअघि नेपाली बजारबाट भारततर्फ र भारतबाट नेपालतर्फ भारतीय नोटको ओसारपसारमा प्रतिबन्ध थियो।

राष्ट्र बैंक चौमासिक प्रतिवेदन

# चालु खाता र शोधनान्तर बचतमा मूल्यवृद्धि वाञ्छित सीमाभित्र

■ प्रभाव संवाददाता

**काठमाडौं–** केन्द्रीय बैंकले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चौमासिकसम्मको देशको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन सार्वजनिक गरेको छ। नेपाल राष्ट्र बैंकका अनुसार गत कात्तिक मसान्तसम्ममा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकांकमा आधारित मुद्रास्फीति एक दशमलव ११ प्रतिशत रहेको छ।

यो अवधिसम्ममा कूल विदेशी विनिमय सञ्चिति रु ३० खर्ब ५५ अर्ब ५२ करोड रहेको छ। अमेरिकी डलरमा उक्त सञ्चिति २१ अर्ब ५२ करोड बराबर हो हालको विदेशी विनिमय सञ्चितिले १७ दशमलव ४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ। गत कात्तिक मसान्तसम्ममा चालु खाता रु दुई खर्ब ७९ अर्ब ६५ करोड र शोधनान्तर रु तीन खर्ब १८ अर्ब ४० करोड बचतमा रहेको छ।

पहिलो चौमासिकमा विप्रेषण आप्रवाह नेपाली रूपैयाँमा ३१ दशमलव ४ प्रतिशतले र अमेरिकी डलरमा २५ दशमलव ३ प्रतिशतले बढेको छ। चालु आर्थिक वर्षको कात्तिक महिनाको विप्रेषण आप्रवाह रु एक खर्ब ३३ अर्ब ८२ करोड रहेको छ।

यही अवधिमा निर्यात ७७ दशमलव ५ प्रतिशतले बढेर रू ९३ अर्ब ५० करोड बराबर पुगेको छ। त्यस्तै आयात १८ दशमलव ७ प्रतिशतले बढेर रू छ खर्ब नौ अर्ब ४५ करोड पुगेको पनि राष्ट्र बैंकले जनाएको छ।

पहिलो चौमासिकमा नेपाल सरकारको खर्च रु चार खर्ब ६८ अर्ब ८८ करोड र राजस्व परिचालन रु तीन खर्ब २६ अर्ब ५५



करोड रहेको छ। यही अवधिमा विस्तृत मुद्राप्रदाय तीन प्रतिशतले बढेको छ। कात्तिक मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन तीन दशमलव एक प्रतिशत अर्थात् रू दुई खर्ब २२ अर्ब ३८ करोडले बढेर रू ७४ खर्ब ८६ अर्ब २५ करोड पुगेको छ। त्यस्तै निजी क्षेत्रमा प्रवाहित कर्जा एक दशमलव दुई प्रतिशत अर्थात् रू ६५ अर्ब चार करोडले बढेर रू ५५ खर्ब ६२ अर्ब ७५ करोड पुगेको छ।

वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १३ दशमलव चार प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ६ दशमलव नौ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ। यो अवधिसम्ममा बैंक तथा वित्तीय संस्थाबीचको भारित औसत अन्तरबैंक दर दुई दशमलव ७५ प्रतिशत र ९१ दिन अवधि भएको ट्रेजरी बिलको भारितऔसत ब्याजदर दुई दशमलव ३७ प्रतिशत रहेको छ।

वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर तीन दशमलव ७४ प्रतिशत र कर्जाको भारितऔसत व्याजदर सात दशमलव ३८ प्रतिशत रहेको छ।

### खाद्य र पेय पदार्थको मुद्रास्फीति ऋणात्मक

गत कात्तिक महिनामा खाद्य र पेय पदार्थको मुद्रास्फीति ऋणात्मक देखिएको छ। नेपाल राष्ट्र बैंकको २०८२/८३ को पहिलो चौमासिक अवधिमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत कात्तिक महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति एक दशमलव ११ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति पाँच दशमलव ६० प्रतिशत रहेको थियो।

राष्ट्र बैंकका अनुसार कात्तिक महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति तीन दशमलव ३२ प्रतिशतले ऋणात्मक रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ६९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरूको मुद्रास्फीति क्रमशः नौ दशमलव १० र तीन दशमलव ६५ प्रतिशत रहेको थियो।

प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको पहिलो चौमासिकको औसत मुद्रास्फीति एक दशमलव ५३ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिको औसत मुद्रास्फीति चार दशमलव ५९ प्रतिशत रहेको थियो।

गत कात्तिक महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक पाँच दशमलव २५, गैर-मदिराजन्य पेय पदार्थको तीन दशमलव ६१ र दुग्ध पदार्थ तथा अण्डाको एक दशमलव ९७ प्रतिशतले बढेको छ। तरकारी उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक १४ दशमलव ४३, मरमसलाको सात दशमलव ८५ र दाल तथा गेडागुडीको पाँच दशमलव ३६ प्रतिशतले घटेको छ। गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक १५ दशमलव १७, शिक्षाको सात दशमलव ५६, कपडाजन्य तथा जुत्ता चप्पलको छ दशमलव २९, सुर्तीजन्य पदार्थको चार दशमलव ८४ र फर्निसिङ तथा घरायसी उपकरणको चार दशमलव ५५ प्रतिशतले बढेको छ।

बिमा तथा वित्तीय सेवा उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक शून्य दशमलव २३ प्रतिशतले घटेको छ। त्यस्तै, ग्रामीण क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक शून्य दशमलव ६६ प्रतिशतले र सहरी क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक एक दशमलव २६ प्रतिशतले बढेको छ।

प्रदेशगत रूपमा समीक्षा महिनामा कोशी प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति एक दशमलव ८०, मधेस प्रदेशको एक दशमलव ७३, बागमतीको शून्य दशमलव ८१, गण्डकीको शून्य दशमलव ३७, लुम्बिनीको एक दशमलव २७, कर्णालीको एक दशमलव ०८ र सुदूरपश्चिमको शून्य दशमलव २६ प्रतिशत रहेको छ।

## कर्पोरेट

### टेलिनेट र सेल्सफोर्सबीच डिजिटल रूपान्तरणलाई तीव्र बनाउन सम्झौता




**काठमाडौं (प्रस)–** नेपालको प्रविधि र सञ्चार क्षेत्रका अग्रणीमध्ये एक, रमेश कर्प समूह अन्तर्गत पर्ने  टेलिनेट प्रा.लि. ले विश्वकै अग्रणी कस्टुमर रिलेसनसीप म्यानेजमेन्ट (सिआरएम) सेल्सफोर्ससँगको सहकार्यमार्फत नेपाली उद्योग तथा व्यवसायको डिजिटल रूपान्तरणलाई अझ तिव्र बनाउने भएको छ।

यस साझेदारीले नेपाली व्यवसाय संचालनको तरिकालाई आधुनिक बनाउँदै, विश्वस्तरीय डिजिटल समाधान तथा विशेषज्ञ स्थानीय समर्थनको पहुँच उपलब्ध गराउने छ। अब नेपालका व्यवसायहरूले सम्पूर्ण सेल्सफोर्स प्लेटफर्म तथा स्थानीय सपोर्ट सुविधासहित आफ्नो कामलाई अझ प्रभावकारी बनाउन सक्नेछन्।

टेलिनेट प्रा.लि. स्थानीय कार्यान्वयन तथा समर्थन साझेदारका रूपमा रहनेछ ,यस साझेदारीको माध्यमबाट नेपालका कम्पनीहरूले सेल्सफोर्सका सबै प्रमुख टुलहरू सजिलै अपनाउन सक्नेछन्। टेलिनेट प्रा.लि. ले नेपालमै सेल्सफोर्सकोसपोर्ट र इम्प्लिमेन्टेशन पार्टनरको रूपमा काम गर्नेछ, जसले व्यवसायहरूलाई एजेन्टफोर्स सेल्स, स्ल्याक र ताबेलु जस्ता सेवाहरू उपयोग गर्न थप सजिलो बनाउनेछ दाबी गरेको छ।

### शाओमी नेपालको रमेशकर्पका तीन नयाँ आधिकारिक सर्भिस सेन्टर

**काठमाडौं (प्रस)–** विश्वप्रसिद्ध प्रविधि कम्पनी शाओमीले नेपालभर उत्कृष्ट ग्राहक सेवा र सहज पहुँच विस्तार गर्ने उद्देश्यसहित हेटौंडा, दमौली र बिर्तामोडमा तीन नयाँ आधिकारिक सर्भिस सेन्टर संचालनमा ल्याएको छ। मंसिर २६, २७ र २९ गते क्रमशः सञ्चालनमा आएका यी सर्भिस सेन्टरहरू शाओमी प्रयोगकर्तालाई छिटो, भरपर्दो र विश्वासनीय सेवाको पहुँच अझ सुदृढ बनाउने लक्ष्यसहित शुरु गरिएको कम्पनीले जनाएको छ। नयाँ सर्भिस सेन्टरमार्फत शाओमीका स्मार्टफोन, वेअरएबल्स (स्मार्टवाच, फिटनेस ब्यान्ड), हियरएबल्स (इयरफोन/हेडफोन) लगायतका उपकरणहरूको मर्मत, तथा प्राविधिक सहयोग प्रदान गरिने कम्पनीले उल्लेख गरेको छ। सबै केन्द्रमा शाओमीका जेनुइन स्पेयर पाट्र्स र आधिकारिक मर्मत प्रक्रियाहरू अपनाइने भएकाले ग्राहकले गुणस्तरीय, भरपर्दो र दीर्घकालीन सुरक्षित सेवा प्राप्त गर्नेछन्।

यी तीनै सर्भिस सेन्टरहरू रमेश कर्पअन्तर्गत टेलिडाइरेक्ट प्रा. लि. द्वारा सञ्चालन गरिनेछन्। टेलिडाइरेक्ट नेपालभर शाओमी ब्रान्डका लागि आधिकारिक बितरक तथा सर्भिस, ग्राहक सहयोग र भरपर्दो सेवा प्रदान गर्दै आएको अनुभवी सेवा प्रदायक कम्पनी पनि हो। सर्भिस सेन्टर उद्घाटनको अवसरमा हेटौंडा, दमौली र बिर्तामोडका ग्राहकहरूलाई उद्घाटन भएको मितिदेखि एक महिनासम्म विशेष सुविधा उपलब्ध गराउने घोषणा गरेको हो। साथै उक्त स्थानका ग्राहकहरूले सबै उपकरणको निःशुल्क सर्भिसिङ र सफ्टवेयर अपग्रेड तथा वारिन्टीबाहिरका स्पेयर पाट्र्स र मर्मत सेवामा २५ प्रतिशतसम्म छुट र वारिन्टीबाहिरका स्पेयर पाट्र्समा सर्भिस शुल्क नलाग्ने सुविधा पनि प्राप्त गर्ने छन्।



यस अवशरमा शाओमी नेपालका प्रतिनिधिले भने, 'हेटौंडा, दमौली र बिर्तामोडमा एकैसाथ आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा ल्याउन पाउँदा हामी अत्यन्तै हर्षित छौं। हामीले लोकप्रिय उपकरणहरूको आधिकारिक र भरपर्दो सेवा उपलब्ध गराउँदा नेपाली उपभोक्ताहरूलाई झनै सहज र विश्वासयोग्य हुनेछ। टेलिडाइरेक्टसँगको सहकार्यले सेवाको गुणस्तर र पहुँच दुवै थप मजबुत हुँदै जानेछ भन्ने विश्वास हामीले लिएका छौं।' यी तीनै सर्भिस सेन्टरहरूमा दक्ष प्राविधिकहरू नियुक्त गरिएको शाओमी नेपालले जनाएको छ। दक्ष प्राविधिकहरूले साधारण समस्या समाधानदेखि जटिल प्राविधिक मर्मसम्मका सेवाहरू कम्पनीका आधिकारिक मापदण्डअनुसार उपलब्ध गराउनेछन्।

## नेप्सेमा सामान्य सुधार

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ। सोमबार नेप्से परिसूचक छ दशमलव ७४ अंकले बढेर दुई हजार ६०१ दशमलव ६१ को बिन्दुमा कायम भएको हो। ३२९ कम्पनीको ७७ लाख ५७ हजार ६२५ कित्ता शेयर ५६ हजार १२२ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ४४ करोड १९ लाख तीन हजार ७७० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा बैंकिङ शून्य दशमलव ७२, विकास बैंक शून्य दशमलव ३३, वित्त शून्य दशमलव ९०, जनविद्युत् शून्य दशमलव ०६, जीवन बीमा शून्य दशमलव ३०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ५७, निर्जीवन बीमा शून्य दशमलव ०७ र व्यापार समूह शून्य दशमलव २७ प्रतिशतले बढेको छ। अरु सबै समूहको उपसूचक घटेको छ। होटल तथा पर्यटन शून्य दशमलव ११, लगानी शून्य दशमलव ०८, म्युचुअल फण्ड शून्य दशमलव ११ र अन्य समूह शून्य दशमलव १७ प्रतिशतले घटेको छ।

## सिद्धार्थ बैंक र द सोल्टी होटेल्स् एन्ड रिसोर्टबीच सम्झौता

**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक र द सोल्टी होटेल्स् एन्ड रिसोर्ट बिच बैंकका ग्राहक महानुभावहरूलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ।

सम्झौता अनुसार द सोल्टी काठमाडौं, सोल्टी वेस्टइन्ड  प्रिमिएर नेपालगन्ज, सोल्टी वेस्टइन्ड इटहरी, सोल्टी वेस्टइन्ड रिसोर्ट चित्तवन, सोल्टी वेस्टइन्ड रिसोर्ट नगरकोट, सोल्टी वेस्टइन्ड लेकसाईड पोखरा, टाईगर प्यालेस बाइ सोल्टी भैरहवा, मिथिला यात्री निवास जनकपुर, अन्तर्राष्ट्रिय विमानस्थल स्थित होराईजन लाउन्ज  र आन्तरिक विमानस्थल स्थित होराइजन क्याफेमा बैंकका ग्राहकहरूले बैंकको डेबिट कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्दा १० प्रतिशत अथवा प्लेटिनम क्रेडिट



कार्ड वा नारी डेबिट कार्ड प्रयोग गरी भुक्तानी गर्दा २० प्रतिशतसम्मको छुट प्राप्त गर्न सकिनेछ।

यस सम्झौताले ग्राहकहरूलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ। यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा सञ्चालनमा रहने ग्प्रहक सेवा केन्द्र, 'सिद्धार्थ केयर' मा निम्न माध्यमहरू मार्फत सम्पर्क गर्न सकिनेछ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ